# रातो खबर साप्ताहिक

Ratokhabar weekly

रातो खबर अब www.eratokhabar.com मा पनि पढ्न सकिन्छ ।

वर्ष ३, अङ्क १०, पूर्णाङ्क १०५ | २०७४ साउन २५ गते बुधबार | Wednesday, 9 Aug 2017 | www.eratokhabar.com | मूल्य रु. १०


## विद्यार्थी नेता बोहोरा रिहा

काठमाडौं / साउन २४ : नेकपा निकट अखिल (क्रान्तिकारी) रुकुमका जिल्ला सचिव प्रेमप्रशान्त बोहोरा २६ दिनपछि हिरासतमुक्त हुनुभएको छ । बोहोरालाई रुकुम जिल्ला अदालतको १ लाख र जिल्ला प्रशासन कार्यालयले १० हजार धरौटीमा सोमबार रिहा गरेको हो । असार २७ गते भ्रष्ट इन्जिनियर चिताराम खड्कालाई कालोमोसो दलेको आरोपमा बोहोरालाई दाङबाट प्रहरीले गिरफ्तार गरेको थियो । रिहा लगत्तै बोहोरालाई स्वागत गर्न जिल्ला पार्टी र विद्यार्थीहरु ऱ्यालीसहित जिल्ला प्रशासन कार्यालयमा पुगेका थिए । साथै ऱ्यालीपछि ३ ठाउँमा कोण सभा गरिएको थियो । कोण सभामा बोल्ने वक्ताहरुले भ्रष्टाचारीहरुको संरक्षणमा लागेका विभिन्न व्यक्ति र निकायहरुको भण्डाफोर गरिइएको रुकुम जिल्ला सेक्रेटरी चन्द्रबहादुर बुढामगरले बताउनु भएको छ ।

## देशभरि सनराइज स्मृति दिवस हुने



■ रातो खबर संवाददाता

दोस्रो चरणको निर्वाचनको खारेजी अभियान सञ्चालनका क्रममा आन्तरिक दुर्घटनामा परी असार १२ गते सहादत हुनुभएका युवा नेता चन्द्रबहादुर सिंह 'सनराइज' को साउन २८ गते नेकपाले देशव्यापी श्रद्धाञ्जली सभा गर्ने भएको छ । सबै जिल्लाका पार्टी समिति र युवा संगठनलाई सो कार्यक्रमको आयोजना गर्न निर्देशन जारी भैसकेको पार्टी प्रवक्ता प्रकाण्डले बताउनुभएको छ । घाइते अवस्थामा आफू नबाँच्ने महसुस भएपछि 'म कसैको कारणले घाइते भएको होइन, कसैलाई दोष नलगाउनुहोला' क. सनराइजले उद्धारकर्तासँग भन्नुभएको खुलासा केन्द्रीय सदस्य सम्झना घर्ती गर्नुहुन्छ । उहाँ पूर्वजनमुक्ति सेनाका सदस्य पनि हुनुहुन्थ्यो । उहाँको सम्झनामा कैलालीमा एक स्मारक बनाउने तयारी भैरहेको नेकपाका अर्का केन्द्रीय सदस्य शंकर खड्का बताउँछन् । पार्टी महासचिवले केन्द्रीय समितिका तर्फबाट सम्मानपत्र प्रदान गर्ने, राहतस्वरूप आर्थिक सहयोग गर्नेलगायत कार्यक्रम पनि बनाइएको जानकारी नेकपा स्रोतले दिएको छ ।

# राजनीतिक छलाङ मार्दै नेकपा

**" संसद्वाद र मालेमावादबीच भीषण संघर्ष : विप्लव, महासचिव नेकपा**

■ अम्बिका चन्द / चितवन




तस्विर : भिम चापागाई

स्थानीय निकायको चुनाव सशक्त ढङ्गले खारेज गरेको नेकपा अब भने आफ्नो आन्तरिक पङ्क्तिलाई वैचारिक रूपले सुदृढ गर्ने अभियानमा लागेको छ । कम्युनिस्ट पार्टीका नेता र कार्यकर्ताहरूमा वैचारिक ज्ञान हुनु अनिवार्य हुन्छ भन्ने मान्यता राख्ने उक्त पार्टीले आफ्ना नेता-कार्यकर्ताहरूलाई राजनीतिक-वैचारिक अभियानमा सहभागी बनाउन लागेको हो । हालै राजधानीमा सम्पन्न पार्टी केन्द्रीय समितिको बैठकले देशव्यापी रूपमा वैचारिक प्रशिक्षण एवम् स्कुलिङ गर्ने निर्णय गरेको थियो । यसैबीच राजनीतिक-वैचारिक अभियानको सुरुआती चरणमा नेकपाको केन्द्रीय स्तरको ठूलो प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । चितवनको भरतपुरमा सम्पन्न उक्त कार्यक्रममा देशभरिबाट तीन सयको सेरोफेरोमा छानिएका नेता-कार्यकर्ता सहभागी भएका छन् । उक्त प्रशिक्षण कार्यक्रममा नेकपाका महासचिव नेत्रविक्रम चन्द 'विप्लव' ले संसद्वाद-संशोधनवाद र मालेमावादका बीचमा भीषण सङ्घर्ष सुरु भएको उद्घोष गर्नुभएको छ । प्रशिक्षणको उद्घाटन भाषण गर्दै महासचिव विप्लवले यो देशको भविष्य मालेमावाद, एकीकृत जनक्रान्ति र वैज्ञानिक समाजवादमा रहेको भन्दै संसद्वादी र संशोधनवादीहरुको अवसानको घडि अत्यन्त नजिक आएको बताउनुभएको छ । चुनाव खारेजी अभियानका तीन महिनापछि एउटा स्तरको लडाइँ पार गरेर आफ्नो पार्टी नयाँ ठाउँमा उभिएको भन्दै महासचिव विप्लवले आफ्ना सबै नेता-कार्यकर्ताहरूको वैचारिक स्तर माथि उठाउन जरुरी रहेको संश्लेषण गर्नुभएको छ । अब नेपाललाई गोलबन्द गर्दै ... बाँकी पृष्ठ ७ मा

## कल्याण तिमल्सिनाको धन्दा जारी

■ रातो खबर संवाददाता / काठमाडौं

कल्याण तिमल्सिना नेपाल प्रहरीका पूर्वएआईजी हुन् । उनले एआईजी रहँदा नै गैरकानुनी रूपमा अकुत सम्पत्ति आर्जन गरेको आरोपमा अख्तियारको मुद्दा खेपेका थिए । अदालतलाई समेत प्रभावमा पारेर उनी पुनः पदमा बहाल भएका थिए । तिमल्सिना सदाबहार मन्त्री विजयकुमार निकट तत्कालीन कांग्रेसका भित्रिया कार्यकर्ता ठानिन्छन् । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई समेत प्रभावमा पारेर तल्लो अदालतले गरेका न्यायिक मुद्दाहरू माथिल्लो अदालतबाट उल्ट्याउने र कमिसन खाने पुरानो धन्दामा तिमल्सिना अहिले झन् उत्साहित भएर लागिरहेको सोतको दाबी छ । तिमल्सिनाले सर्वोच्च अदालतका वर्तमान श्रीमान् गोपाल पराजुलीसँग पनि सम्बन्ध जोडिसकेको बताइन्छ । तिमल्सिना एआईजी हुँदा गुन्डाहरूलाई संरक्षण गर्ने अपहरणकारीलाई पक्रन तदारुकता नदेखाउने भनी आलोचित थिए । उनी व्यापक



आलोचित भएपछि प्रहरी प्रधान कार्यालय नक्सालले उनलाई महाराजगन्जस्थित प्रहरी तालिम केन्द्रमा स्थानान्तरण गरेको थियो । यो औपचारिक क्रममा सामान्य र नियमित कार्य भने पनि विभागीय कारबाही नै भएको प्रहरी सोतको दाबी थियो ।

## गगन खड्का गद्दारीतिर : प्रकाण्ड

■ रातो खबर संवाददाता / काठमाडौं

नेकपाका प्रवक्ता प्रकाण्डले आइतबार प्रेसविज्ञप्ति जारी गरी गगनबहादुर खड्का (जीवन) ले साउन २० गते जारी गरेको विज्ञप्तिप्रति पार्टीको गम्भीर ध्यानाकर्षण भएको बताउनुभएको छ । विज्ञप्तिमा भनिएको छ : गगनबहादुर खड्का (जीवन) ले साउन २० गते जारी गर्नुभएको विज्ञप्तिप्रति हाम्रो पार्टीको ध्यान गम्भीर रूपमा आकर्षित भएको छ । यसबारे पार्टीको धारणा स्पष्ट गर्न यो प्रेसविज्ञप्ति जारी गरिएको छ । १) जीवनले प्रचण्ड र किरणसँगको सम्बन्धविच्छेदको औचित्य, पार्टीको विकसित विचार, एकीकृत जनक्रान्तिको पार्टी कार्यदिशा, वैज्ञानिक समाजवादी राजनीतिक कार्यक्रम, क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण, आफ्नो पुनर्गठन कालदेखि पार्टीले निरन्तर रूपमा अगाडि बढाइराखेको क्रान्ति एवम् अवलम्बन गरेको सङ्घर्षको स्वरूप, पार्टीको आर्थिक दृष्टिकोण, नीति र व्यवहार, १० वर्षको जनयुद्धको उपलब्धि एवम् त्यसको रक्षा, ०६३ सालपछि माओवादी



पार्टी एवम् नेपाली क्रान्तिमा भएको प्रतिक्रान्तिले क्रान्तिकारी माओवादी तथा नेपाली जनतामा पारेको असर र जनचाहनाबारे आफ्नो विज्ञप्तिमा जुन धारणा प्रस्तुत गर्नुभएको छ त्यो वैचारिक, राजनीतिक र व्यावहारिक दृष्टिले गलत, तथ्यहीन र भ्रामक भएको ठहरसहित पार्टी त्यसलाई पूरै खारेज गर्दछ । उहाँको विज्ञप्तिबाट ... बाँकी पृष्ठ ७ मा

## केन्द्रीय प्रशिक्षणमा के भयो ?



■ रातो खबर संवाददाता / काठमाडौं


पहिलो र दोस्रो स्थानीय तहको निर्वाचनमा देशभरिबाट ५ सयभन्दा बढीको गिरफ्तारी, त्यत्तिकै सङ्ख्यामा झुट्टा मुद्दा खेपेको र २ जनाको सहादतसहित चुनाव खारेज अभियान सम्पन्न गरेको लगत्तै नेकपाको चितवनमा राष्ट्रिय स्तरको केन्द्रीकरण भएको छ । साउन ९ देखि १३ सम्म भक्तपुरमा सम्पन्न केन्द्रीय समितिको चौथो पूर्ण बैठकले राज्य समितिस्तरको प्रशिक्षण सम्पन्न गर्ने निर्णय गरेअनुसार सो भेला सम्पन्न भएको जानकारी नेकपा स्रोतले दिएको छ । पार्टी महासचिव विप्लवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्थायी समतिका सदस्यहरू खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड', हेमन्तप्रकाश ओली 'सुदर्शन' र सन्तोष बुढामगरले सहभागीहरूलाई प्रशिक्षण दिएको बताइएको छ । कार्यक्रमको सुरुमै आआफ्नो क्षेत्रको चुनावकेन्द्रित प्रतिवेदन लिखित तथा मौखिक रूपमा बुझाएका थिए । प्राप्त प्रतिवेदन, जिज्ञासा र सूचनाका आधारमा पार्टी महासचिव विप्लवले निर्देशनात्मक प्रशिक्षण दिनुभएको थियो ।

कार्यक्रममा प्रस्तुत प्रतिवेदन (रिपोर्टिङ) रोचक तथा महत्वपूर्ण भएको स्रोतको दाबी छ । जस ... बाँकी पृष्ठ ७ मा

## स्टालिनलाई रुसी जनता अझै किन माया गर्छन् ?

**देश/परिवेश**

■ अलेक्जेन्डर नजऱ्यान



म युवावस्थामा हुँदा रुसमा स्टालिनको कुनै चर्चा थिएन । क्रेमलिनमा उनका अग्रज लेनिनको तस्बिरलाई विद्यालय पोसाकमा लगाइने बिल्लादेखि लिएर ठूलाठूला सालिक बनाएर सर्वत्र सजाइएको हुन्थ्यो । हत्केला देखाएर उचालिएका ती सालिकका हातहरूले हामीलाई गौरवमय समाजवादी भविष्यका लागि केही गर्न अभिप्रेरित गर्दथ्यो । येसुका चेला पिटरलाई लेनिनले उछिनेको ठहर गरी मेरो जन्मभूमिको नाम पिटर्सबर्गबाट लेनिनग्रादमा फेरियो । दोस्रो विश्वयुद्धको एउटा काहालीलाग्दो युद्धक्षेत्रलाई स्टालिनका नाममा स्टालिनग्राद भनेर नामकरण गरिएको थियो । तर जुँगे तानाशाहका कैयन अपराधहरू सामुन्नेमा आएपछि उक्त सहरको नाम १९६१ मा फेरि भोल्गोग्राद राखियो ।

रुसी नेता निकिता ख्रुस्चेबले १९५६ को गोप्य भाषणमा स्टालिनको मानहानि गर्ने काम गरे । उनले स्टालिनलाई 'क्रान्तिकारी वैधानिकताको घोर उल्लङ्घन गरेको' आरोप लगाए र 'भौतिक सफाया' को क्रममा तीन करोडको हाराहारीमा मान्छे मारेर आतङ्क मच्चाएको भनेर उल्लेख गरे ।

१९७० को दशकमा मस्कोमा हुर्केकी पत्रकार एवम् कार्यकर्ता मासा गेसेन (हाल अमेरिका) को भनाइअनुसार, 'विद्यालयमा छँदा उनलाई स्टालिनबारे पटक्कै केही थाहा भएन । स्टालिन छँदै थिएनन् जस्तो गरेर स्टालिनयुगको नामोनिशान मेटिएको थियो ।'

तर अहिले समय फर्काइएको छ । गएको ग्रीष्मऋतुमा ख्रुस्चेबकी पनातिनी निना ख्रुस्चेबा दक्षिणी रुसमा पर्ने समारा सहर घुमेर आइन् । १९४२ मा जर्मन सेना पूर्वतर्फ अघि बढ्ने क्रमको लडाइँमा सोभियत सङ्घ हार्दैछ भ[illegible] ठानेर भोल्गा नदीको किनारमा स्टालिनका निम्ति एउटा सुरुङ निर्माण गरिएको रहेछ । १९९१ सम्म उक्त सुरुङबारे कसैलाई कुनै जानकारी गराइएको थिएन । ... बाँकी पृष्ठ ७ मा

वर्ष ३, अङ्क १०, पूर्णाङ्क १०५
रातो खबर साप्ताहिक

## सम्पादकीय

# दोरम्बा र बलिदान

यो साता तत्कालीन शाहीसत्ताले मच्चाएको कुख्यात दोरम्बा हत्याकाण्डको स्मृति दिवस हो । रामेछाप जिल्लाको पश्चिमी भूगोलमा पर्ने दोरम्बा डाँडाकटेरीको उच्च पहाडी भूभागमा २०६० साल साउन ३२ गते शाही सत्ताको सैनिक मेजर राममणि पोखरेल नेतृत्वमा खटिएका शाही अमेरिकी सेनाका जल्लादहरूले सरकार-माओवादीबीच दाङको हापुरेमा संविधानसभालाई केन्द्र बनाएर भइरहेको वार्ता भंग गर्ने उद्देश्यले निहत्था माओवादी नेताकार्यकर्तालाई नियन्त्रणमा लिएर आँखामा पट्टी बाँधी हात बाँधेर घिस्याउँदै लाम लगाएर बीभत्स र क्रूर तरिकाले नृशंश हत्या गरेका थिए ।

शाहीसत्ता र तिनका मतियारका रूपमा रहेका कांग्रेस-एमाले संविधानसभाको चुनाव चाहँदैनथे । उनीहरू संविधानसभाको चुनाव भएमा शाहीसत्तासँगै प्रतिक्रियावादी संसदीय व्यवस्था ढलेर जनसत्ता स्थापना हुने भन्दै त्यसका विरुद्ध थिए । जनगणतन्त्र नेपाल निर्माण गर्ने लक्ष्य राखेर महान् जनयुद्धमा लामबद्ध भएका माओवादी नेता, कार्यकर्ता र क्रान्तिकारी जनताले संसद्वादीहरूलाई राजतन्त्रका विपक्षमा मोर्चा बनाउने कार्यक्रमसहित पुँजीवादी नारा ल्याएको थियो संविधानसभाको चुनावको तर शाहीसत्ता, अमेरिकीलगायत विश्वका प्रतिक्रियावादी सत्ता र शासकहरू नेपाली जनताको हातमा न्यूनतम शक्ति पनि हस्तान्तरण भएको सहन सक्तैनथे । परिणामतः दुवै सत्ताका सेना आफ्नो क्याम्पबाट पाँच किलोमिटर टाढा नजाने सर्त उल्लंघन गर्दै रातारात जिल्ला सदरमुकाम मन्थलीबाट बीसौं कोस टाढा दोरम्बा पुगेर क्रान्तिकारीहरूको नृशंश हत्या गऱ्यो र वार्ता भंग गरायो ।

तत्कालीन शाही अमेरिकी सेनाले रामेछाप जनसरकार प्रमुख बाबुराम लामा पुष्प, प्रदीप दोङ रक्तिम, अम्बिका दाहाल ललिका, संगीता, हर्कबहादुर तामाङ यथार्थ, रवि चौहान समीर, उमा कार्की सहारा, श्याम तामाङ इन्क्लाब, पदमराज गिरी असल, विष्णुमाया थापामगर बिमा, ठूलोराम तामाङ छोक्पा, सानोराम तामाङ तारा, लक्ष्मण तामाङ छाया, जमिन, सोम, विमला, युवराज मोक्तान, लीला मोक्तान, टेकबहादुर थापामगर विवेक, चतुर्मान थामी समर, उषासहित २१ जना क्रान्तिकारी नेता, कार्यकर्ता र माओवादी शुभेच्छुकहरूको बीभत्स हत्या गऱ्यो । सोही घटनापछि दुईपक्षीय वार्ता भंग भएर माओवादी पुनः जनयुद्धमा गयो भने शाही अमेरिकी सेना राजतन्त्र लम्ब्याउने खेलमा लागेर पुनः युद्ध थोपर्न पुग्यो ।

दोरम्बा हत्याकाण्ड नेपालमा संविधानसभाको चुनावबाट राजतन्त्रको अन्त्य गर्ने वैधानिक बाटोको समेत विरुद्ध थियो । साम्राज्यवाद र उसका दलाल तथा मतियार हरूले माओवादी जनयुद्धलाई दमनबाटै सिध्याउन रचेको गम्भीर प्रपञ्च थियो । यो कुरा हत्याकाण्डमा सुराकीको काम गर्ने रेलीमाई तामाङ, भीमबहादुर तामाङलगायतले जनकारबाहीमा पर्नुअघि पार्टीको जनअदालतमा दिएको बयानबाट पनि प्रमाणित भएको छ । तर उक्त हत्याकाण्डका मतियार शाही अमेरिकी मेजर राममणि र कांग्रेसको डिकबहादुर तामाङहरू अझै पनि खुलेआम जनविरोधी हर्कत गर्दै हिँडेका छन् । जनताको आशा छ, एकीकृत जनक्रान्तिले जनयुद्धकालमा सामूहिक हत्याकाण्ड मच्चाउने राममणि र तिनका आदेशकर्ता तथा योजना निर्माताहरूलाई जनकारबाही गर्नेछ ।

जनगणतन्त्र नेपाल स्थापना गरेर समजवाद र साम्यवादसम्म पुग्ने सपना देख्दै आरम्भ गरिएको महान् जनयुद्धका क्रममा नेपाल आमाका दसौँ हजार सुन्दर छोराछोरीले बलिदान गरे । हजारौँ अंगभंग र बेपत्ता भए । हजारौँ घरबार र परिवारविहीन भए तर त्यत्रो त्याग र बलिदान गरेर आएको पार्टीको मूल नेतृत्व भनिएको प्रचण्ड-बाबुराम समूहले दलाली र गद्दारीको बाटो रोज्दै जनता, पार्टीनेता र कार्यकर्ताको बलिदानीमाथि धोका दिए र दुस्मनसामु आत्मसमर्पण गरे । आज प्रचण्ड, बाबुराम, ज्ञानेन्द्र शाह र हिजो क्रान्तिकारीको टाउकाको मोल तोक्ने शेरबहादुर देउवाहरू एउटै क्याम्पमा पुगेका छन् र मरणोन्मुख दलाल संसद्वादलाई ब्युँताउन विश्वप्रतिक्रियावादसँग भिक मागिरहेका छन् तर जनताको प्रतिरोधी चेतना नेकपा र एकीकृत जनक्रान्तिमा केन्द्रीकृत र ध्रुवीकृत हुँदै गएको छ ।

प्रचण्ड-बाबुराम समूह दलाल र गद्दार बनेपछि महान् जनयुद्धमा जनताले त्याग, शौर्य र बलिदान गरेर निर्माण गरेका जनसत्ता, जनसेना, हतियार, जनसरकार सबै विघटन गरिएको छ भने नेकपाले फेरि एकीकृत जनक्रान्तिको माध्यमबाट देश र सर्वहारा, श्रमिक, उत्पीडित वर्ग र देशको मुक्तिका लागि हिजो प्रचण्ड-बाबुराम समूहले विघटन गरेर प्रतिक्रियावादी वर्गसामु बुझाएको जनताको सत्ता नयाँ शिराबाट ब्युँताउँदै, निर्माण गर्दै एकीकृत जनक्रान्ति अघि बढाइरहेको अवस्था छ । महान् जनयुद्धले निर्माण गरेका जनताका नयाँ पर्वहरू (नयाँ वर्ष फागुन १, बेथान वीरता दिवस, अनेकोट सांस्कृतिक प्रतिरोध दिवस, रामवृक्ष स्मृति दिवस, वासु स्मृति दिवस, दोरम्बा हत्याकाण्ड स्मृति दिवस, फागुन १४-२१ सहिद सप्ताह, बेपत्ता योद्धा दिवस, इच्छुक स्मृति दिवसलगायत) प्रचण्ड-बाबुराम समूहले बिर्सिएको मात्र छैन, प्रायश्चितको शैलीमा भ्रष्टीकरण गर्दै गएको छ । अब जनताले त्याग, शौर्य र बलिदानबाट निर्माण गरेका यी दिवस र पर्वहरूलाई नयाँ उचाइमा उठाउने, एकीकृत जनक्रान्तिका क्रममा यी दिवसबाट शक्ति आर्जन गर्ने र जनताको मुक्ति नभएसम्म यसबाट प्रेरणा लिइरहने प्रण नेकपाले गरेको छ । दलाल संसद्वादी सरकारले जनताका हत्याराहरूलाई कारबाही गर्नु त परैको कुरा, झन् प्रोत्साहित गरेर फुली थपिरहेको छ । इच्छुक र दोरम्बाका योद्धाहरूका हत्याराहरूलाई दलाल सत्ताले फेरि क्रान्तिकारीहरूविरुद्ध दुरुपयोग गरिरहेको छ । प्रचण्ड समूहले तिनै देउवाहरूका मतियार बनेर क्रान्तिकारीहरूमाथि दमन गर्ने र सिध्याउने हिजैको बासी शैली अपनाइरहेको छ । इतिहास सहज बाटोबाट हिँडेको छैन । यो नौनी र कपासझैँ नरम पनि हुँदैन । दलाल सत्ताको अन्त्यका लागि हिजो जनताले प्राणको बाजी लगाएर बलिदानको बाटो रोजेको कुरा प्रचण्ड समूहले पूरै नभुलेको हुनसक्छ । जनयुद्ध आरम्भ गर्दा लखन थापा, चिनियाँकाजी, भीमदत्त पन्त, झापा विद्रोहका सहिददेखि आजाद र २०४६ सालको आन्दोलनका सहिदहरूसम्मको त्याग, शौर्य र बलिदानबाट ऊर्जा थपिएको थियो । यो दलाल सत्ताको अन्त्य र यसको चिहानमा जनगणतन्त्र हुँदै वैज्ञानिक समाजवादी व्यवस्था निर्माणका लागि दोरम्बा, बेथान, अनेकोटलगायत सबै मोर्चाका महान् सहिदहरूको शौर्यबाट शक्ति आर्जन गर्दै तिनीहरूको उच्च सम्मान गर्नुपर्छ । महान् दार्शनिक मार्क्सले भन्नुभएजस्तै वर्गसङ्घर्ष अघि बढाउन र सर्वहारावर्गको विजयका लागि हामीले चिहान खोतलेर सहिदका कंकाल निकाल्न पनि पछि पर्नु हुँदैन । हामीलाई दोरम्बाको बलिदानले सिकाएको पाठ हो यो ।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

# प्रचारयुद्ध र थबाङमा संसदीय रङ


अनिल शर्मा

**संसदीय चुनावको रङ थबाङ र रोल्पामा मात्र चढेको होइन । क्रान्तिकारी आन्दोलनको प्रतीक थबाङ भएको र संविधानसभा २ मा शून्य मतदान गरेकै कारण संसदीय शक्तिहरूले त्यसलाई अतिसय र अस्वाभाविक महत्व दिएका हुन् । अर्कोतिर एउटै नेता र स्थानले सधैं क्रान्तिको नेतृत्व गर्छ भन्ने छैन । क्रान्तिका केन्द्रहरू पनि बदलिन सक्छन् । जसरी नेतृत्वको वैचारिक र भौतिक मृत्यु सम्भव छ ।**

दोस्रो चरणको संसदीय चुनावमा रोल्पाको उत्तरी एउटा गाउँ सर्वाधिक चर्चामा रह्यो । अलिकति पहलकदमी, अलिकति संयोग, अझ धेरै भौगोलिक र शासकीय व्यवहारका कारण थबाङ गाउँ कम्युनिस्ट अझ भनौं क्रान्तिकारी माओवादी आधार क्षेत्रका रूपमा चर्चामा थियो । पञ्चायती काल, जनयुद्धकाल र दोस्रो संविधानसभामा एक मतसमेत खसाल्न अस्वीकार गरेर थबाङले आफ्नो रातो रङलाई चम्किलो पारिरहेको हो । नेताहरू विभाजित भएपछि जनता पनि विभाजित हुनु स्वाभाविक हुन्छ । माओवादी धारामा विभाजन आएपछि जनताको मन पनि विभाजित थियो ।

माओवादीमा औपचारिक विभाजन हुनुअगाडि नै थबाङ कब्जा गरेर देशभर सन्देश प्रवाह गर्ने प्रयास भइरहेको देखिन्थ्यो । त्यो दौडमा किरणको उति रुचि देखिएन अथवा उनले सकेनन् । प्रचण्ड र विप्लवमा मुख्य प्रतिस्पर्धा थियो । पार्टी विभाजनको सँघारमा थबाङमा कार्यक्रम राखेर वायुयानमा प्रचण्ड जाने भए । उनले विप्लवलाई सँगै लैजान ठूलै कसरत गरे । विप्लवलाई आफूसँगै लगेर प्रचण्ड रोल्पा र थबाङमा दुईवटा सन्देश दिन चाहन्थे- एक, विप्लव मसँगै छन् । हामी जे गर्दैछौं, मिलेर गर्दैछौं । वैचारिक-राजनीतिक समस्या छैन । तिमी थबाङेहरू रोल्पालीहरूका गोडामा चप्पल नभएर के भो र ? विप्लव र म वायुयानमा सयर गर्ने भएकै छौं ।

उनी विप्लव र प्रचण्डको वर्ग एउटै, विचार र राजनीति एउटै भन्ने सन्देश दिन चाहन्थे । विप्लवले प्रचण्डको त्यो रणनीति असफल पारिदिए । प्रचण्ड एक्लै वायुयानमा गए । त्यसको केही दिनपछि 'बाइरोडको बाटोमा धुलो उडाँउदै' विप्लव थबाङ पुगे । त्यस्ता अनगिन्ती कथा छन् । जुन दौडमा प्रचण्ड, महरा, वर्षमानभन्दा विप्लव अगाडि थिए ।

थबाङ सहिद र जनयुद्धको आधारभूमि भएकाले यसको रङ बदल्न नदिने उद्देश्यले क. विप्लवको ठूलो परिश्रम थियो । आफ्नो जन्मभूमि, जनयुद्धको कर्मभूमि र राजनीतिक दायित्वसमेतका कारण त्यसो हुनु स्वाभाविक थियो । पछिल्लो समयमा प्रचण्डले रोल्पामा बजेट लग्ने, बाटो लग्ने, यता विप्लवले विचार र राजनीति लग्ने प्रतिस्पर्धा चलिरह्यो । पैसा र बाटोले क्रान्ति रोक्न सक्छ कि सक्दैन ? बहस चलिरहेको छ । यो बहसमा अमेरिका र बेलायतको मजदुर आन्दोलन छ । बर्माको जनयुद्ध छ र अहिले यो बहसमा थबाङ गाउँ जोडिएको छ । पैसा र बन्दुकले क्रान्ति रोक्न सक्थ्यो भने संसारमा हतियारको होडबाजी नहुनु पर्थ्यो । जी-२० शिखर सम्मेलनमा निषेधाज्ञा जारी गर्नुपर्ने थिएन । संसार उथलपुथलबाट गुज्रनु पर्दैनथ्यो होला ।

गएको फागुनमा अप्रत्यासित रूपमा नेकपाले आठौँ महाधिवेशन थबाङमै राख्यो । जनयुद्धको समयमा विप्लवकै नेतृत्वमा तत्कालीन माओवादीले होलेरी, घर्तीगाउँ-थबाङ सडक खन्न सुरु गरेको थियो । अहिले विप्लवकै नेतृत्वमा थबाङमा बहुद्देश्यीय विशाल सहिद स्मारक स्मृति भवन बन्दै थियो । थबाङको महाधिवेशन घोषणाले अनेक अड्कलबाजी भए । क्रान्तिकारी जनता र रोल्पामा उत्साहसँगै प्रचण्ड समूहमा छट्पटी देखियो । महाधिवेशन चलिरहेकै समयमा कृष्णबहादुर महरा विकासे कार्यक्रम लिएर थबाङ पुगे । त्यसपछि थबाङमा नेकपाको महधिवेशन चलिहरेको बेला त्यसको प्रभाव न्यूनीकरण गर्न प्रचण्ड समूहले लिबाङमा रोल्पा महोत्सव राख्यो । त्यसलाई निस्तेज गर्न नेकपाले घोषणासभा लिबाङमै राखिदियो । त्यसरी रोल्पाको विरासत कब्जा गर्न क्रान्ति र प्रतिक्रान्ति लगातार भिडन्त गरिरहे । क्रान्तिकारी प्रवृत्तिले प्रतिक्रान्तिलाई निरुत्साहित गरिरह्यो ।

गएको संसदीय निर्वाचनमा भने थबाङसहित रोल्पामा संसदीय रङ हाबी भयो । थुप्रै नेता र कार्यकर्ताका ग्रन्थीहरू रसाए । चुनावपरस्त प्रवृत्तिले पार्टीको आधारभूत नीति माने पनि हुने, नमाने पनि हुने गम्भीरताको अभाव प्रदर्शन गरे । पार्टी भनेको हाटे व्यापारीको व्यापार पक्कै होइन । आए पनि हुने, गए पनि हुने, जता फर्केर सामान बेचे पनि हुने होइन । एउटा पण्डितको कथा छ- एकजना पण्डित धेरै वर्षपछि बनारसको पढाइ सकेर घर आएछन् । धेरै वर्ष घरगाउँ छोडेकाले बिचरा पण्डितले घर जाने बाटै बिर्सेछन् । असजिलो पर्दा शास्त्र हेर्नु भन्ने गुरुहरूको अर्ती सम्झे । शास्त्रमा 'जता धेरै मान्छे लाग्छन् त्यतै लाग्नू' भन्ने लेखिएको रहेछ । पण्डितले यसो हेरेछन्, उकालोतिर एकजना हिँड्दै रहेको देखे । एक हूल मान्छे अर्कोतिर तेर्सो बाटो कतै जाँदै थिए । पण्डित धेरै मान्छे हिँडेको दिशातिर लागे । ती धेरै मान्छे त मसानघाट पो जाँदै रहेछन् । बिचरा पण्डित धेरै मान्छेतिर लाग्दा मसानघाट पुगेछन् । थबाङको पार्टी र त्यहाँका नेताहरूले लामो समय स्थानीय सत्ता चलाउँदै आएका थिए । त्यसको निरन्तर क्रान्तिकरण नहुँदा त्यहाँ सत्ताको कुहीगन्धे संस्कार हाबी भयो ।

थबाङ एउटा गाउँ हो तर आन्दोलनका दृष्टिले एउटा गाउँ मात्र होइन । नेकपाका देशभरिका कार्यकर्ताले गाँस काटेर थबाङमा पचासौँ लाख रकम पठाएको खेलबाडको विषय पनि होइन । हरेक आन्दोलनले नमुना (मोडेल) बनाएर अघि बढ्छ । जनयुद्धले रोल्पा र थबाङलाई मोडेल बनायो । एकीकृत जनक्रान्तिको नयाँ मोडेलका रूपमा पनि थबाङ र रोल्पालाई कायम राख्न खोजिएकै हो । तर त्यहाँको पार्टी र नेताहरूले त्यसलाई बुझ्न, थेग्न र लागू गर्न सकेनन् । थबाङ ढल्यो, घाइते भयो । नेताहरूले मत मागे तर जनताको एउटा पङ्क्ति मतदानमा गएन ।

थबाङ र रोल्पाका नकारात्मक पक्ष मात्र छैनन् । स्थानीय नेताहरूले पार्टी नीतिको विरुद्ध जाँदा पनि थबाङका जनताले अस्वीकार गरे । त्यो कार्य सेनाको ब्यारेकभित्र लड्नुभन्दा कमजोर थिएन । त्यसैगरी एकातिर माओवादी केन्द्रले कतिपय सहिद परिवालाई सुराकी गर्न, पक्राउ गर्न उक्साए भने कतिपय सहिद परिवारले मतपेटिकामा आगो लगाए । एकथरी मान्छेहरू भुसिलकीराझैँ दलाल संसदीय व्यवस्थाको चुनावमा दलालहरूकै प्रतिनिधि छान्न लाममा उभिरहेको बेला अर्कोथरी नेताहरू जेलमा थिए । खारेजी अभियानमा भोकैनाङ्गै भौँतारिइरहेका थिए । रोल्पामा क. विजयले भनेझैँ भयानक कोलाज छ । रगत नबगेको कुनै गाउँ छैन । सेना, प्रहरीले नपिटेको र लुटपाट नगरेको कुनै घर छैन । प्रचण्डप्रति विश्वास छैन । देउवा र दिल्लीका दलालहरूलाई थबाङले कहिल्यै स्वीकार गरेन । नयाँ क्रान्तिकारी धाराप्रति भरोसा आइसकेको छैन । कोही दलालतिर, कोही मुग्लान भासिएका छन् । रोल्पाको कोलाज कुनै पनि बेला भयानक विद्रोहमा बदलिन सक्छ ।


संसदीय चुनावको रङ थबाङ र रोल्पामा मात्र चढेको होइन । क्रान्तिकारी आन्दोलनको प्रतीक थबाङ भएको र संविधानसभा २ मा शून्य मतदान गरेकै कारण संसदीय शक्तिहरूले त्यसलाई अतिसय र अस्वाभाविक महत्व दिएका हुन् । अर्कोतिर एउटै नेता र स्थानले सधैँ क्रान्तिको नेतृत्व गर्छ भन्ने छैन । क्रान्तिका केन्द्रहरू पनि बदलिन सक्छन् । जसरी नेतृत्वको वैचारिक र भौतिक मृत्यु सम्भव छ । त्यसैगरी क्रान्तिका केन्द्रहरूको सम्बन्धमा पनि त्यो नियम लागू हुन्छ । थबाङमा पञ्चायती कालदेखि क्रान्तिकारी प्रवृत्तिले विजय हासिल गर्दै आएको थियो । यसपटक नवसंशोधनवादले अस्थायी जित हासिल गरेको छ । तर नेपाली जनता दलालका विरुद्ध, राष्ट्रघातीका विरुद्ध फेरि उठ्नेछन् । त्यसको विकल्प छैन । जीवनमा हारहरू हुन सक्छन् । तर सत्य र न्यायको नै अन्तिम जित हुन्छ । रोल्पा र थबाङको सन्दर्भमा पनि त्यो सत्य हो ।

# राष्ट्रिय स्वाभिमान र पराधीनताको पराकाष्ठा

जसले समाज परिवर्तन गर्छ उसको कार्य महान् हुन्छ ! जो समाज परिवर्तनको विरोधी हुन्छ त्यो जनता र देशबाट नाङ्गो हुन्छ ! आज परिवर्तनविरोधी शक्ति सल्बलाएर यथास्थितिमा रमाउने शक्ति धेरै छन् । उनीहरू पुरातन चिन्तन र विचारबाट ग्रसित छन् ! नयाँ जोस, जाँगर र परिवर्तन गर्ने महान् सोचाइ बोक्ने शक्तिलाई रोक्न र छेक्न विभिन्न बहानामा नौटङ्की गरिरहेका छन् ! वास्तविकतामा यथास्थिति र जडसूत्रमा रमाएर वर्ग आफ्नो लुटको स्वर्ग बचाइराख्न आज दिनानुदिन झूटको खेती गरिरएको छ ! जनतालाई उल्लु बनाउनु आफ्नो देशको राष्ट्रियता बेच्नु राष्ट्रिय स्वाभिमान गुमाउनु विदेशीको इशारामा चल्नु पराधीनताको पराकाष्ठा हो !

आफ्नो देशको जनता आफ्नो भूमि र आफ्नो स्वाभिमानभन्दा दलाली, चाकडी र लम्पसार पर्नु आजको दलाल संसद्वादीहरूको धर्म हो । पैसाका लागि आफ्नी आमा बेच्ने कुपुत्र हरूको बिगबिगीले आज देश आक्रान्त छ भने अर्कोथरी नेपाललाई सिक्किम बनाउने दाउमा मालिकहरूको आदेशमा देशमा साम्प्रदायिकता, विखण्डन, जातीय साम्प्रदायिकता, भौगोलिक भेदभावका आवाज उठाउँदै सधैँ अस्थिरता निम्त्याउनेहरू तल्लीन छन् ! अर्कोतिर देशको विकास उन्नति, प्रगतिभन्दा बरु देश र जनता सधैँ अभाव, भोकमरी, अशिक्षा, महामारी र संकटमा परिरहोस् भन्ने भ्रष्ट शक्ति पनि छ ! त्यसले अर्बौं भ्रष्टाचार गरेर कालो धन थुपारेर आफ्नो छोरा, नातिसम्मको पुस्तालाई पुगोस् तर जनता भाडमा जाओस् भन्दै राज्यको ढुकुटी सिध्याउन लामो समयदेखि लागिपरेका छन् !

यस्ता प्रकारका विकृति विसङ्गति र अपराधलाई निरुत्साहित गर्दै न्याय, सुशासन, शान्ति विकासका लागि देशभक्त गणतान्त्रिक परिवर्तनकारी शक्तिको संयुक्त मोर्चा निर्माण गर्दै अहिलेको कथित दलाल संसदीय व्यवस्थाको अन्त्य शान्ति समृद्धि विकास राष्ट्रिय स्वाधीनता र स्वाभिमानका लागि वैज्ञानिक समाजवाद स्थापना गर्ने महान् कार्यमा लामबद्ध हुनु


धनीराम सिम्खडा 'विरोचन'


एकीकृत जनक्रान्तिको कार्यदिशामा लामबद्ध हुनु हो ! अहिलेको संसदीय व्यवस्था जहाँसम्म रहन्छ त्यहाँसम्म देशको विकास असम्भव छ ! किनकि देशको विकास भ्रष्टाचार गरेर हुँदैन कमिसन खाएर हुँदैन, जनताको रगतपसिनामा रजाइँ गरेर हुँदैन ! यस्ता गलत कामकुराहरूको जरा उखेलेर नफ्याँकेसम्म विकास शान्ति हुँदैन यस्तो काम नाराबाजी आन्दोलनमा जिन्दावाद र मुर्दावादबाट हुन्न यसका लागि क्रान्ति आवश्यक छ जो क्रान्ति सशस्त्र हुन्छ । सबै जनताको हातमा बन्दुक हुनुपर्छ । त्यो बन्दुक देशबेचुवा राष्ट्रघाती जनताका अधिकार छिन्ने जनघाती र जनताको रगतपसिनाबाट उठेको करलाई भ्रष्टाचार गर्ने भ्रष्टाचारीहरूलाई कथित दलालहरूलाई निमिट्यान्न पर्नुपर्छ !

आज देश रात दुगुना, दिन चौगुना भारतीय हस्तक्षेपको सिकार भएको छ देशका सीमा दिनानुदिन मिचिँदै छन् भने सिमानाका जनता भारतीय दादागिरीबाट पिटिएका छन्, लुटिएका छन्, बलात्कार भएका छन् भने केही मारिएका छन् तर नेपाली शासक भारतीय साम्राज्यवादको गुलाम बनेर धोतीहरूको पैताला चाटिरहेका छन् । उनीहरूलाई नेपालको भूमि अतिक्रमण भएकोमा चिन्ता छैन । नेपाली जनता मारिनु र पिटिनुमा चासो छैन । नेपाली आमा, दिदिबहिनीहरूको अस्मिता लुटिएकोमा घृणा छैन । नेपालीहरू दिनदाहाडै लुटिएकोमा सरोकार छैन । छ त केवल कुर्सीका लागि जसले कुर्सी दिन्छ उसैको सेवा गर्नु दलाल नेताको पराधीन सोचाइ हो ! यसका लागि सम्पुर्ण जनता जागरुक हुनु राष्ट्र, राष्ट्रियता र अधिकारका लागि लडाइँ लड्नु आजको ज्वलन्त आवश्यकता हो !

हाम्रो देशमा दलाल पुँजीवादको दादागिरीका कारण राष्ट्रिय पुँजीपतिहरू धराशायी हुँदै पलायनको बाटोमा छन् भने कोही बन्द हुँदै रुग्ण, जीर्ण भएर बसेको अवस्था हो । यो देशबाट निगम पुँजीवाद अर्थात् दलाल पुँजीवादलाई नसिध्याईकन राष्ट्रिय पुँजीपति वर्गको उन्नति हुनसक्दैन ! देशलाई माया गर्ने आफ्नो सीप ज्ञानलाई प्रयोग गरी श्रम गर्ने मध्यम वर्गीय ठूलो श्रमजीवी वर्ग हो ! यो वर्गको संरक्षण नगरीकन परिवर्तन हुन्छ भन्ने कल्पना पनि गर्नु हुँदैन ! आज लाखौँ युवाहरू बिदेसिएका छन् । देश रेमिटेन्सबाट चलिरहेको छ ! तर करिब चालीसबयालीस लाख बिदेसिएका युवकयुवतीहरूको अवस्था कस्तो छ भनी रेखदेख गर्ने सरकार छैन । धेरै मानिस मरेर नेपालमा लास आउँछ ! यसबारे सरकार चिन्तित छैन !

विद्यमान समस्याको समाधान भनेको एकीकृत जनक्रान्ति हो । एकीकृत जनक्रान्तिको कार्यदिशामा यी सबै समाधान गर्ने क्षमता र तागत छ । यसलाई सफल हुन नदिन देशीविदेशी प्रतिक्रियावादी साम्राज्यवादी शक्ति मरिहत्ते गरेर लागिपरेका छन् भने क्रान्तिकारीहरू भीमकाय काला पहाडहरू भत्काउन दिनरात एकीकृत जनक्रान्तिको कार्यदिशामा लामबद्ध छन् । कुनै पनि प्रतिक्रियावादी तागतले क्रान्तिकारीलाई गलाउन सक्ने छैन ! शासकहरूका जालझेल, षड्यन्त्र र गिरफ्तारीले क्रान्तिकारीहरू थाक्दैनन्, बरु इस्पात भएर दलालहरूका विरुद्ध गर्जिनेछन् । सहिदको सपना साकार पार्दै नेपाली जनताको सत्ता वैज्ञानिक समाजवाद स्थापना भएर छाड्नेछ भने दलाल सत्ता खरानी पार्दै दलाल पुँजीवादी संसदीय व्यवस्था अन्त्य हुनेछ । जनताको सुनौलो बिहानी आउनेछ क्रान्तिकारीहरूको जित सुनिश्चित छ !

# पोखरामा सस्तो बजार सङ्घर्षले उब्जाएका सवालहरू



रूपेश

पोखरा सस्तो बजारको समस्याको सकारात्मक समाधान निकाल्न र दलाल प्रवृत्तिका विरुद्ध साना व्यवसायीहरू मात्र सङ्घर्षरत थिएनन् । यसमा कास्कीका ६ राजनीतिक दलहरू सङ्घीय समाजवादी फोरम नेपाल, नयाँ शक्ति पार्टी नेपाल, नेकपा (माले), नेकपा (क्रान्तिकारी-माओवादी), राष्ट्रिय जनमोर्चा र नेपाल कम्युनिस्ट पार्टी संयुक्त संयन्त्रमार्फत आफ्नो ऐक्यबद्धता एवम् संयुक्त विरोधसभाका सङ्घर्षहरू सञ्चालन गर्दै अघि बढेका थिए । राज्य सञ्चालनमा रहेका जिम्मेवार स्थानीय निकायहरू (जिल्ला प्रशासन कार्यालय, क्षेत्रीय वायुसेवा निगमको कार्यालय) यस समस्याको सकारात्मक समाधान गर्न पूरै उदासीन मात्र देखिएनन् कि उनीहरूले शुक्रबारको ६ दलीय भेटघाटमा आउने आइतबार अर्थात् साउन २२ गते सर्वपक्षीय स्तरको सरोकारवालाहरूको वार्ताको आह्वान गरी सकारात्मक निकास निकाल्ने बताएका थिए । जिल्ला प्रशासन प्रमुखको कार्यकक्षमा भएको छलफलमा जिल्ला प्रहरीका नेतृत्वसमेतको उपस्थितिमा वार्ताको कुरा गरेका प्रमुख जिल्ला अधिकारी तारानाथ अधिकारीले रात बित्न नपाउँदै सयौँको सङ्ख्यामा सशस्त्र र जनपद प्रहरीको प्रयोग गरी फासिवादी शैलीमा निर्मम दमन गरेर आफ्नो जनविरोधी चेहरा उदाङ्गो पारेका छन् । अझ अनौठो पक्ष त के छ भने दमनको विशेष जिम्मेवारी नै लिएर आएको बताउने बैदाम चौकीका इन्स्पेक्टर वसन्त शर्माले सत्ता र शक्तिको दुरुपयोगको नाङ्गो प्रदर्शन गर्न पछि परेनन् । निजलाई पोखरामा उनलाई गृहमन्त्रीको भतिजाको हवालाले चिन्ने गरिन्छ । सबै पक्ष र नागरिकलाई समेटेर जनपक्षीय निर्णयतिर जानुको साटो यसरी उदासीन देखिनुको पछाडि दलाल गिरोहको दबाब, डिजाइन र प्रलोभन भएको कुरा कुनै दिन पर्दाफास हुनेछ । सस्तो बजारको समस्याले उब्जाएका केही सवालहरूबारे यहाँ विषय प्रवेश गर्न खोजिएको छ ।

**सम्झौताका विगत र वर्तमानको अवस्था**

नेपाल वायुसेवा निगमले सीधै भाडा उठाउने व्यवस्था गरेन । उसले भाडा उठाउन अर्कोखाले (बिचौलिया प्रथा) व्यवस्था गरेको थियो । त्यो व्यवस्था कस्तो थियो भने एकजना कृष्णप्रसाद श्रेष्ठ भन्ने ठेकेदारलाई भाडा उठाई बुझाउने सहमति थियो । तत्कालीन रूपमा उक्त सहमति सापेक्षित रूपमा ठिकै थियो । कृष्णप्रसाद श्रेष्ठले वायुसेवा निगमलाई मासिक रूपमा जम्मा ३१,०००। (एकतीस हजार) मात्र भाडा बुझाउने गर्दथे । उनी आफैँ भाडा उठाउन भने जाँदैनथे । उनले आफ्नातर्फबाट भाडा उठाउने जिम्मा अर्का तेस्रो पक्ष ठेकेदार भरत गुरुङलाई दिएका थिए । तिनै भरत गुरुङले प्रत्येक स्टलबाट भाडा उठाई कृष्णप्रसाद श्रेष्ठलाई बुझाउँथे । भरत गुरुङले प्रतिमहिना सुरुको लिखित सहमतिअनुसार २ लाख ५० हजार लिने गर्दथे । निज भरत गुरुङले पनि सहमतिको एक वर्ष बित्न नपाउँदै पुनः भाडा बढाएर ८ लाखसम्म पुऱ्याएपछि व्यवसायीको दबाब र सङ्घर्षपछि ७ लाखमा झरेको रहेछ । पोखरा सस्तो बजार जहाँ अवस्थित छ, खास रूपमा यो जग्गाको स्वामित्व नेपाल वायुसेवा निगम, क्षेत्रीय कार्यालय पोखराको नाममा छ । यो उसैले भाडामा लगाएको जमिन हो । तर उसले के भनेको छ भने उसले पहिला भाडामा दिएको व्यक्ति कृष्णप्रसाद श्रेष्ठको सहमति २०७२ चैत मसान्तमा सकिएको थियो । १० वर्षको अघिल्लो सहमति सकिएलगत्तै नेपाल वायु सेवा निगमले २०७२ माघ १७ गते गोरखापत्रमा टेन्डर बोलपत्रको सूचना निकालेको थियो । टेन्डरमा गएका करिब दुई दर्जन फाराम पक्ष कम्पनीहरूमध्ये ७ वटाभन्दा बढीले महँगो भएकाले चलाउन नसकिने भनी फिर्ता भएको अवस्थामा ८ औँ पक्षको कम्पनीसँग नयाँ सहमति २०७३ कात्तिक ०१ गते काठमाडौँबासी राजेन्द्रबहादुर गोर्खाली (राजु गोर्खाली) को सूर्य दिल ग्रुप इन्भेस्टमेन्ट क.प्रा.लि. सँग मासिक ११ लाख भाडा दिने गरी भएको थियो । जसबारे सार्वजनिक सूचना भने गोरखापत्रमा २०७२ माघ १७ गते खाली जग्गाका नाममा टेन्डर आह्वान गरिएको थियो जहाँ अघिल्लो सम्झौतापक्षले बजार सञ्चालन गरिरहेको थियो । अर्कोतिर वायुसेवा निगमले तालाबन्दीको ७ दिने सूचनापछि असार १६ गते मध्यरातमा गुण्डागर्दी र चोरीको शैलीमा तालाबन्दी गरेको थियो । यसैको निरन्तरतामा पुनः ७२ घण्टाको खाली गरिदिने सूचना भने २०७४ असार २१ गते जारी भएको थियो । कृष्णप्रसाद श्रेष्ठसँग मासिक ३१,०००। मात्र भाडा बुझ्दै आएको वायुसेवा निगमले आज किन एकाएक ११ लाख भाडा लिने निर्णय गऱ्यो ? ११ लाख भाडा उठाई तिर्छौं भनेर राजु गोर्खालीले किन त्यस्तो सहमति गरे, यही गलत नियतमा प्रशासनमा दलालहरूको आर्थिक चलखेल थियो भन्ने बुझ्न सकिन्छ किनकि ७ औँ पक्षका ठेकेदारहरूले टेन्डर महँगो भनी फिर्ता लिएको हिसाबले स्वतः पुनः टेन्डरमा जानु पर्ने देखिन्छ तर वायु सेवा निगम त्यता गएन किन ? स्मरणीय पक्ष के छ भने २०६३ वैशाखमा ३१ हजार भाडादरको हरेक तीन वर्षमा २५ प्रतिशत वृद्धि हुने गरी १० वर्षका लागि सम्झौता भएको रहेछ । जहाँ बिचौलिया वा दलाल पक्षलाई राज्यले ठाउँ दिँदा व्यापारी हजारौँ प्रतिशतको महँगो भाडाको मारमा परेको स्वतः सिद्ध भइसकेको छ । फेरि पनि दलाल र बिचौलियालाई बलवान् बनाउँदै उनीहरूको हितमा राज्यका प्रशासनिक अङ्ग, सुरक्षा अङ्ग र सरकारमा रहेका दल र गृहमन्त्री समेत यो मामिलामा मुछिएर सतहमा देखापरेका छन् । यो बजारको समस्याले नेपालका राजनीतिक दल र नेतालाई राजनीतिले कमान्ड गर्ने नभएर डन, दलाल र बिचौलियले आह्वान गर्ने र पहुँच र बाहुबलका आधारमा त्यस्ता जमिन केही व्यक्ति र समूहले हडप्दै आखिरीमा सर्वसाधारण जनतालाई भवन बनाएर वा सामान्य टहरो निर्माणसम्म नगरी सयौँ गुणा मूल्य बढाएर लुट मच्चाउने प्रवृत्ति नेपाल सरकारको आम प्रवृत्ति नै बनेको छ जहाँ दलालीबाट केही हिस्सा केबलकारलाई सस्तोमा बनको जमिन दिनेलगायत काम, आन्तरिक राजस्व विभागको राजस्व असुली प्रकरण, गैरकानुनी ढङ्गले बूढीगण्डकी जलविद्युत् परियोजना सम्झौता, भारतसँगको पीटीए र पीडीए नामका विद्युत् सम्झौता आदिमा व्यक्त भइरहेको छ । आज नेपालमा राज्यले नै दलालीको भाग खोज्ने दलाल प्रवृत्तिलाई राज्यकै प्रवृत्ति मानेर प्रोत्साहन, प्रवर्द्धन गरेको प्रस्ट रूपमा देख्न र बुझ्न सकिन्छ ।

**दलाल प्रवृत्तिको डिजाइन**

सरकारमा रहेका केही राजनीतिक दलले गृह मन्त्रालयको समेत व्यापक दुरूपयोग गरी सो ठेक्का सञ्चालनमा आएपछिको हिस्साको भागबन्डासम्म गर्न भ्याएका छन् । जसमा करोडौँ रकमको हिस्सामा राजनीतिक दल अझ विशेषतः तिनका केही दलाल प्रवृत्तिका पात्रदेखि ठेक्का पार्ने कम्पनी र निज कम्पनीको अख्तियारी प्राप्त व्यक्तिदेखि उनले परिचालन गर्ने जनशक्ति र गोप्य रूपमा वायु सेवा निगमको विभिन्न तहका भ्रष्ट कर्मचारीसम्मको




तस्विर : विजय अधिकारी

निर्देशन गर्ने र सोहीअनुसार एउटा हिस्साका लागि उनीहरूले भाग लिने तल्लो दर्जाको राजनीतिक भद्दा संस्कार उजागर भएको छ ।

**राज्यको दलाल प्रवृत्ति**

दलाल प्रवृत्तिको अर्थ नाफाका लागि व्यवसाय नभएर गलत धन्दा सञ्चालन गर्नु, दुई शक्ति वा पक्षबीच लेनदेन गराएर अनुचित लाभ लिनु वा राष्ट्र/समाज र जनताको आर्थिक र सामान्य जीवनको कुनै सरोकार नराखेर खाली आफ्नो स्वार्थका लागि हदैसम्मको अपराध र ठगी एवम् गद्दारीसम्म गर्न तयार हुन्छन्, यिनीहरूले विचार र नैतिकताको कुनै मतलब राख्दैनन् । राजनीतिक पार्टी र तिनका खास दलाल नेता, आर्थिक क्षेत्रका लगानीकर्ता (बैंक, वित्तीय संस्थाका सञ्चालक) न्यायिक क्षेत्र, ऐनकानुन कार्यान्वयनमा दखल राख्ने र मुद्दामा बहस गरी फैसला गरिदिने पक्ष (अदालत र कानूनी निकायमा कार्यरत दलाल पक्ष), सुरक्षा क्षेत्र (टेन्डरमा जनताको पक्षमा मौन बस्दै ठेकेदारको पक्ष लिने), प्रशासनिक निकाय आदिलाई अकुत पैसाको प्रलोभन दिँदै समग्र सेटिङका आधारमा दलाल प्रवृत्तिले जनतालाई ठग्दछ भन्ने कुराको चरितार्थ सस्तो बजारमा देखापऱ्यो । यसो गर्दा मन्त्रालयदेखि गाविस सचिवसम्म केन्द्रीय तहका नेतादेखि सभासद् र गाउँतहका नेतासम्मलाई उपयोग गर्न भ्याउँछ जहाँ देशभक्त र जनपक्षीय शक्तिहरूले उनीहरूसँग प्रतिवाद गर्न खोजिहाले पनि त्यो निष्काम नै बनाइदिन्छन् । दलाल प्रवृत्तिले बिनाकुनै ठूलो आर्थिक लगानी, अड्को थापेर, चोरबाटोबाट रातारात धनी बन्ने गर्दछ । दलालहरूले दलालीको हिस्सा माथिको सेटिङका आधारमा सबैमा भागबन्डा गर्ने गर्दछन् ।

यो द्याक्कै पोखरा सस्तो बजारमा व्यक्त भइरहेको छ । जग्गा प्राप्ति ऐन २०३४ ले जुन प्रयोजनका लागि जमिन अधिग्रहण गरिएको हो सो प्रयोजन गर्नुपर्ने कानुनी प्रावधान मिच्दै राज्य संयन्त्र नै कमिसन खेलमा लागेर विभिन्न संस्थान र सरकारी जमिन अन्य प्रयोजनका लागि भाडामा दिने भाडामा दिँदा निकै सस्तोमा जमिनको टेन्डर सजिलै हात पारियोस् । यस खालको गलत कदम र नीतिका कारण सर्वसाधारण भने निकै चर्को मारमा पर्ने र उपभोक्ता सम्म ठगिने अवस्थासम्म पुग्दछ । यसरी ठेकेदारी प्रथाबाट जमिनको प्रयोजन गर्दा राज्य मेसिनरीमा रहेका केही भ्रष्ट मानिसदेखि दलालहरूसम्मलाई कुनै ठूलो लगानीबिना अड्को थापेर रातारात धनी बन्ने शोषणकारी तरिका अन्त्य गर्न सबैखाले जमिनको राष्ट्रिय करण आवश्यक छ भने तत्काल राज्यको स्वामित्वमा रहेको जमिन ठेकेदारी प्रथाबाट होइन प्रत्यक्ष सम्बन्धित संस्थाबाट सीधा जनतामा पुऱ्याउने विधि र तरिका अवलम्बन गर्न राज्य र स्थानीय अङ्गलाई नागरिकले व्यापक दवाव दिन जरुरी हुन्छ । यसो गर्दा नीजी सार्वजनिक सहकारी नीति पिपिसीपी अन्तरगत गएर बहुसङ्ख्यक जनताको हितमा राज्यको सम्पत्तिलाई प्रयोग गर्न सकिन्छ । भने अर्कोतिर यस खालको जमिनको प्रयोजनको सन्दर्भमा सार्वजनिक सुनुवाइसमेत गर्नुपर्दछ जसले गर्दा आम नागरिकहरूलाई जमिनको दुरुपयोग गर्ने दलालहरूमाथि नियन्त्रण गर्न सजिलो होस् । पोखरामा मात्र हाल सञ्चालनमा रहेका गण्डकी मिनीमार्केट, पृथ्वीचोक बसपार्कको जमिनमा रहेको बास्तोला सस्तो बजार/कम्प्लेक्स, श्रीकम्प्लेक्स, यातायात व्यवस्था कार्यालय वरपरका सटरहरू, साल्टट्रेडिङका सटरहरू, हङकङ बजार, सिर्जना मिनी मार्केट, जिल्ला विकास समिति मातहतका सटरहरू र जमिन, महानगरका सटर र जमिन, कर्मचारी सञ्चयकोषको जमिन र भवनलगायत एक दर्जनभन्दा बढी राज्य र अर्धसरकारी संस्थाका जमिनमा एकातिर सर्वसाधारण जनताको चरम शोषण गरिएको छ भने अर्कोतिर ठेकेदार पक्षसँग साँठगाँठ गरी करोडौँको आर्थिक चलखेल गर्ने र केही दलालहरू रातारात करोडपति बन्ने गरेको छर्लङ छ । नेपालमा हाल यो दलाल प्रवृत्तिको केही नमुना पोखरा अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थल निर्माण, पोखरा सभागृहको निजीकरण प्रकरण, हिमागृह रत्नमन्दिरको निजीकरण प्रकरण, एनसेल लाभकर र छुट गर्न सरकारमा रहेका दलको दौडधूप, चन्द्रागिरि मिलोमतो लुकेको छ । यो भागबन्डामा केही सरकारी पार्टी निकट वित्तीय सहकारी संस्थासम्म तानिने गरी सो संस्थाका पदाधिकारीहरू राजनीतिक, प्रशासनिक र ठेकेदार पक्षसँग भेटघाटमा लागेको बुझिन्छ जसले गर्दा यो समस्यालाई उनीहरू रचनात्मक तरिकाले यसअघिदेखि जीविकाका निम्ति व्यवसाय गर्दै आएका साना व्यवसायीहरूको सरोकारमा हदैसम्म अनुदार हुँदै कहिले ७२ घण्टाको खाली गर्ने उर्दी जारी गर्न बाध्य छन् भने कहिले अनेकौँ प्रलोभन र दादागिरी गर्न पछि पर्दैनन् । हामीकहाँ एउटा राज्यको निगरानीमा रहेका गुण्डाहरूको गिरफ्तारी वा हत्या भयो भने राजनीतिक दल र तिनका सभासद्हरूले घण्टौँ समय लिएर सदनमा समेत आवाज उठाउन पछि पर्दैनन् तर एक हजारजना जनतासँग जोडिएको सस्तो बजारका विषयमा न ठूला भनिएका राजनीतिक दलहरू र सभासद् बोल्न तयार छन्, न त सकारात्मक समाधान गर्न तयार नै देखिए । खालि चुनावको बेला जनतालाई भोट बैंक बनाउने, सत्ता र कुर्चीमा जाने भऱ्याङबाहेक जनताका पक्षमा अरू केही सोच्न सक्ने हैसियतमा रहेको देखिएन ।

**पोखरा उपमहानगरलगायतको भूमिका**

विगतमा पोखरा उपमहानगरपालिकामा सडक आसपास व्यवस्थापन गर्ने सन्दर्भमा क्रियाशील सबै राजनीतिक दलहरू, पोखरा उद्योग वाणिज्य सङ्घ, पोखरा उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय, पोखरा उपत्यका नगर विकास समिति, पत्रकार महासङ्घ, नागरिक समाज, वायुसेवा निगम क्षेत्रीय कार्यालय पोखरालगायतले साना व्यवसायीहरूलाई उचित स्थानमा सुरक्षा र सुविधासहितको बजार स्थापना गरी व्यवस्थापन कार्यमा सक्रियता देखाएका थिए । जतिबेला सम्मान पत्र र खादा एवम् मालामा ती सबै अधिकारीहरू सजिएको दृश्य धेरै टाढा छैन ।


खाली जग्गा खोज्दै जाँदा पोखरा उपमहानगरपालिका वाड नं. ९ पृथ्वीचोकस्थित कित्ता नं. २ को २६३२.५० वर्गमिटर खाली जग्गा नेपाल वायुसेवा निगम, क्षेत्रीय कार्यालय पोखराको स्वामित्व रहेको जमिनमा प्रमुख जिल्ला अधिकारीको रोहवरमा बसेको सर्वपक्षीय बैठकले सोही जग्गामा बजार बसालेर साना व्यवसायीको व्यवस्थापन गर्ने निर्णय गरेको थियो । यो निर्णयसँगै पर्यटन सहरको रूपमा नाम कमाएको पोखराले सफा पोखरा निर्माणको अभियानलाई सार्थक पार्न निकै सहयोग पुऱ्याएको थियो । जसमा साना व्यवसायीहरूको निकै सकारात्मक सहयोग देखिएको थियो । उपमहानगरको स्वीकृतिमा हङकङ बजार र सस्तो बजारको परिकल्पना साकार रूपसहित अघि बढेको थियो । यसको सञ्चालनपूर्वको समयमा उद्घाटनदेखि वायु सेवा निगमलाई व्यवसायको वातावरण मिलाइदिनुहुन भन्ने आसयमा उपमहानगरपालिकाले सकारात्मक आसयको पत्र २०७२ फागुन ९ गते नेपाल वायुसेवा निगम केन्द्रीय कार्यालयलाई पठाएको थियो । त्यसमा लेखिएको छ : पोखरा उपमहानगरपालिकाको संयोजनमा त्यस संस्थानको स्वामित्वमा रहेको करिब ५ रोपनी जग्गामा पोखरा उपमहानगरपालिकामा तत्कालीन समयमा रहेका फुटपाथ व्यवसायीहरूलाई व्यवस्थापन भएकोमा हाल उक्त जग्गामा उपमहानगरपालिकाको व्यवस्थापनअन्तर्गत रहने गरी करार सम्झौताअन्तर्गत यथावत् रूपमा सञ्चालन एवम् व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाइदिनुहुन सिफारिससाथ अनुरोध छ । पत्रमा तत्कालीन उपमहानगर कार्यकारी झलकराम अधिकारीले हस्ताक्षर गरेका छन् । अर्कोतिर जब २०६९ सालमा बजार सञ्चालनमा आयो तब अतिथिको आसनमा सकारात्मक व्यवस्थापनको जस लिनसम्म पछि परेन पोखरा उपमहानगर । हाल भने यो समस्यालाई लिएर पटकपटक व्यवसायीका तर्फबाट एवम् पछिल्लो समय ६ राजनीतिक दलको संयुक्त ज्ञापनपत्र बुझ्दै हालै स्थानीय चुनावबाट निर्वाचित महानगर प्रमुखले सकारात्मक चासो र समाधानको कोसिस गर्ने गरी आइतबार बैठकको आह्वान गर्ने बताउनुभएको छ । तर महानगरको एकल प्रयासले जतिबेला राज्यको अन्य पक्षहरू गृह मन्त्रालयको निर्देशनमा निर्मम दमनमा उत्रेर बजार खाली गराउने कामलाई तीव्रतामा अघि बढाइरहेको अवस्थामा नेपाल वायु सेवा निगम, जिल्ला प्रशासन कार्यालय नै सकारात्मक निकास निकाल्नतिरभन्दा निषेध र दमनतिर गइसकेकाले महानगरपालिकाले ढिलै भए पनि सकारात्मक समाधानको अत्यधिक पहल गर्न कोसिस जारी राखेको थियो अब जनताले विश्वास गर्ने ठाउँ भने प्रायः समाप्त भइसकेको छ । यो समस्याको समाधानमा महानगर असफल भएमा सिंहदरबारको अधिकार गाउँशहर भन्ने नारा भनेको पुरानै सिंहदरबारको जनविरोधी चरित्र जनतामा थोपरिँदै छ र आउने दिनमा जनता सजग हुनु पर्दछ भन्ने बुझ्नु पर्दछ ।

**राजनीतिक दल र नियत**

पोखरा सस्तो बजारको समस्याले कास्कीस्थित राजनीतिक दलहरूलाई पनि उत्कर्षमा ध्रुवीकृत गराइदिएको छ । जहाँ खुलेर २१७ जना बजारका व्यवसायी र उसको आश्रित परिवार करिब १ हजार जनाको जनजीविकाका निम्ति आवाज उठाउने कित्तामा नेपाल कम्युनिस्ट पार्टी, नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), राष्ट्रिय जनमोर्चा, नयाँ शक्ति पार्टी नेपाल, सङ्घीय समाजवादी फोरम नेपाल र नेपाल कम्युनिस्ट पार्टी (माले) रहे भने दलाल र बिचौलियाका पक्षमा सरकारको गठबन्धनमा रहेको नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) खुलेर देखा परेको छ । अन्य ठूला भनिएका पार्टीहरू भने खुलेर देखा परेनन् । विगतमा पनि सडकमा फुटपाथ हटाउने समय हालको माओवादी केन्द्र सरकारमा रहेको र उसैको नेतृत्व भएको समय मध्यरातमा २०६९ फागुन ६ गते डोजर लगाएर हटाउने कार्य हुँदा साना व्यापारीको विपक्षमा दमनमा उत्रेको सो पार्टी यसपालि पनि सोही जनविरोधी हर्कत गऱ्यो भने तत्कालीन समय वैकल्पिक व्यवस्थापनबिना हटाउने निर्णयको कडा प्रतिवादमा उत्रेको तत्कालीन नेपाल कम्युनिस्ट पार्टी-माओवादी जसको पछिल्लो विभाजनपछिको नेपाल कम्युनिस्ट पार्टी र नेकपा (क्रान्तिकारी माओवादी) साना स्वरोजगार व्यवसायीको अधिकारका पक्षमा उभिन आइपुगेका थिए । यो पोखरा सस्तो बजारको समस्यालाई लिएर ६ दलीय संयुक्त मोर्चाको अभ्यास भने सारतः जनजीविकाँका निम्ति एकै ठाउमा आउने स्थितिको विकास हुनु आफैँमा एक उपलब्धि बन्न पुगेको छ ।

क्रमशः

• अनुभूति



देवकला अधिकारी

# प्रहरी हिरासतमा ५८ दिन

वैशाख २१ गते बर्दिया, गुलरिया नगरपालिकास्थित उद्योग वाणिज्य सङ्घ कार्यालयबाट बर्दिया इन्चार्ज देवकला अधिकारीसहित १३ जनालाई प्रहरी निरीक्षक हेमबहादुर शाही नेतृत्वको प्रहरीले गिरफ्तार गर्‍यो ।

वैशाख १९ गते सुर्खेतमा भेरी ब्यूरोको बैठक बसी २० गते सुर्खेतबाट ब्यूरो इञ्चार्ज खुमा सुवेदी र म कोहलपुर आयौं । बाँकेका साथीहरूसँग 'संवेदनशील छ मिलाएर बैठक बस्नु पर्छ' भनेको थिएँ । बाँकेमा शिक्षक सहिद ढाकाराम पाठकको घरमा गइयो । त्यहाँ दुइभाइ छुट्टिएका रहेछन् । यता आमा रुने अर्कोतिर बुहारी कविता रुने, छुट्टाछुट्टै सासु बुहारीसँग बसेर छलफल गरियो । मेडमसँग राती अली अबेरसँग दुःख-सुःखका कुराकानी, पार्टी र क्रान्तिको बारेमा छलफल पनि भयो । सायद सुत्ने बेला १ बजिसकेको थियो । बिहान उठी चिया पिएर बर्दिया जान लाग्दा मेडमले भोकभोकै हिंडेर रोग बढेको थाह छैन भनेर गाली गर्दै दुध रोटी अचार जबरजस्ती खान कर गरेपछि म नास्ता खाएर ब्यूरो इञ्चार्ज खुमा सुवेदीलाई त्यही छोडेर बर्दिया हिंडे ।

बर्दिया उद्योग बाणिज्य सङ्घको सभाकक्षमा बैठक राखिएको थियो । मलाई गंगाले बैठकस्थल पुर्‍याएर फर्किइन् । म दायाँ बाँया कतै नलागी सिधै कार्यक्रम स्थलमा पुगें । यता ३ दिन पहिलादेखि हामीलाई जहाँ भेटे पनि गिरफ्तार गर्ने भन्ने खबर जिल्ला प्रशासन कार्यालयमा आएको रहेछ । बिहान गुलरियामा साथीहरू जमघट भएको, सबै प्रशासनले हेरिराखेको रहेछ । उद्योग वाणिज्य सङ्घको हल अगाडि वंगलामुखी उ.मा.वि.मा म्यादी प्रहरी राखेको रहेछ । त्यो पनि मलाई थाह भएन । बैठक कक्ष बाहिर गुप्तचरका २ जना जवानहरू आएका रहेछन् । हामीहरू जम्मा हुँदै थियौ । उनीहरूले १० जना जम्मा भए भन्दै ३५ जनासम्मको माथि सूचना गरेछन् । अरुबेला पनि अनुसन्धानका जवानहरू आउथे । उनीहरूलाई पठाएर बस्ने गरिन्थ्यो । साथीहरू जम्मा हुँदै थिए, नआएका साथीहरूलाई फोन गर्दै बोलाएँ । कसैको फोन लागेन, हाम्रो बीचमा रातोखबर पत्रिका, पार्टी केन्द्रले निकालेको वार्षिक क्यालेण्डर, केन्द्रीय कार्यालयबाट आएको २ हजार पर्चा वितरण गर्नु थियो । लगभग बहुमत साथी जुटेपछि म बाहिर आएर गुप्तचर समूहका जवानहरूलाई एकछिन तल जानुस् हामी बस्छौ ल भनें, उनीहरू हुन्छ भनी हिंडे । बाहरिबाट भने प्रहरीले पत्रिकाको मुठो, क्यालेन्डरको पेटी, पर्चाको पेटी आएको सबै निगरानी गरिरहेका रहेछन् । एकाएक हाम्रो बैठक कक्षमा प्रहरी निरीक्षक हेमबहादुर शाहीको नेतृत्वमा प्रहरीहरू आए मैले माइन्युट र केन्द्रको सर्कुलुर झोला भित्र राखे । मैले हत्तपत्त अनिल दाईलाई फोन गरे दाई हामीलाई प्रहीले बिना पुर्जी गिरफ्तार गर्‍यो, कती जना पर्‍यौं थाह छैन भने । बाँकेवाट साथीहरूको फोन आयो मैले खुमाजीलाई भन्दिनु हामी गिरफ्तार भयौं भनेर ।

हामीसँग सामान केही छैन साँझसम्म छोड्छ जस्तै लागेको थियो किनभने हाम्रो जिल्लाको चुनाव पनि धेरै पछि थियो नजरअन्दाज गर्नु हाम्रो कमजोरी भयो । दिनभरी मलाई महिला सेलमा राखेको थियो तर मेरो फोन चाडै नै प्रहरीले खोसी हाल्यो । अरु १२ जना साथीहरूलाई ल्याउने वित्तिकै हिरासतमा राखेको रहेछ । साँझ सात बजे मलाई पनि हिरासतमा राख्यो । जिल्ला सचिवलगायतका साथीहरू बाहिर भएको र कार्यालयकै ४/४ जना साथीहरू बाहिरै भएकोले अलि हल्का सास फेरें । अब चुनाव सर्दैछ हामीलाई पञ्चायती कालरात्री भन्दा कुनै फरक भएन, संकटकालको झ-झल्को छचल्कियो । राति नौ बजे डक्टरी गर्ने भनेर सबैलाई हत्कडी लगायो, मेरो हातमा पनि हत्कडी लगायो, पीडाको अनुभूति भयो । हामीलाई हतकडी लगाउन पाइँदैन, हामी हतकडी लगाएर कहीं कतै जाँदैनौ, हामी राजबन्दी हौं भन्यौं । महिला प्रहरीहरूले नियमै यस्तै छ मेडम के गरौं भन्दै थिए । मलाई घिसारेर बोकेर लगे मात्रै हतकडी लगाएर एक कदम पनि अगाडी बढ्दिन भनैं र हामी सबैले त्यही अठोट कस्यौं । एकछिन झडप होला जस्तो भयो । पछि महिलालाई हत्कडी नलगा भन्ने माथिबाट आदेश आयो भनेर महिला प्रहरीले हतकडी खोल्न थाल्दा मैले हत्तपत्त हातबाट हतकडी थुतेर फालिदिएँ ।

भोलिपल्ट हामीहरूलाई सार्वजनिक अपराधको मुद्दाको अनुसन्धान गर्ने भनेर पक्राउ पुर्जी थमाउन थाल्यो । हामीले प्रतिकार गर्‍यौं । हामीले त्यस्तो के अपराध गरेका छौं र ? सार्वजनिक अपराध पुष्टि गर नत्र भने सामान्य सोधपुछ भनेर पक्राउ पुर्जी देउ भन्यौं । के हाम्रो पर्चा, पत्रिका क्यालेन्डर राज्य विरुद्धको अपराध भयो निर्लज्ज भएर लोकतन्त्र गणतन्त्रको खिल्ली उडाउने बाहेक केही भएन । त्यो दिन त्यसै बित्यो । दोश्रो दिनबाट भेटघाट शुरु भयो । मेरो घरबाट बिस्तारा र अन्य सामान झुलसहित लिएर भाइ-बुहारी आए । तपाईंहरू बर्दी लगाएको प्रहरी हो हामी पनि बिना बर्दीका सिपाही हौं, तपाईंहरू माथिको आदेश भनेर गिरफ्तार गर्ने सत्य थाहा पाएर पनि सत्य भन्न डराउने तर हामी भने साँचो झुटोसँग स्पष्ट वक्ता हौं । पारदर्शी ढँगले जे हो त्यही भन्ने तपाईं हामीमा यही फरक छ । हामी आगो तपाईंहरू खुकुरीको धार भने पछि एस.पी. र निरिक्षकले हामीलाई तपाईंहरू आजै पुर्जी लिने भए लिनुस् नत्र भने सांगठनिक अपराधको मुद्दा लगाउँछौं भन्दै धम्क्याए । केही समय राम्रै छलफल भयो । वकिलसँग परामर्स गर्छु भनैं र हुन्छ भनी मुद्दा फाँटमा आएर प्रहरी कन्ट्रोल कै फोनबाट वकिल धर्मराज अधिकारी लाई फोन गरें । आवश्यक परामर्श भयो । त्यसपछि हामीहरूले पक्राउ पुर्जीमा हस्ताक्षर गर्‍यौं ।



म विगत ९ वर्षदेखि निरन्तर औषधी सेवन गरिरेकी थिएँ । लखनउदेखि औषधी मगाउनु पर्थ्यो । औषधी खाइरहें, अरु विरामी भनैं म परिन । तर पनि दिनको ६ पटक औषधी खानुपर्ने । औषधी खानेबेला औषधी मगाउँदा हवल्दारले साप भन्दै हिरासत व्यवस्थापनलाई जानकारी गराउनु पर्थ्यो । माथि-माथि सोध्नुपर्थ्यो उनीहरूलाई हैरानी भएछ । त्यसपछि मेरो औषधी भित्रै राख्न थाले ।

हामीले हिरासत भित्र पनि अरु बन्दीहरूसँग एकीकृत जनक्रान्ती कै बारेमा छलफल गर्थ्यौं । हाम्रो पार्टीको नीति कार्यक्रम दलाल पुँजीवादी राज्यसत्ताको विरुद्धमा धावा बोल्नुपर्ने तथ्य कारणहरूको बारेमा बन्दीहरूसँग छलफल हुने थियो भने १/१ हप्तामा हिरासत क्वाटर गार्ड कमान्डर हवल्दार सहित जवानहरू फेरिन्थे । तलदेखि माथिसम्मकाले कुन दिन जागिर खाइयो, छोरा छोरीहरूलाई त यस्तो जागिर नलगाउने भन्ने गर्थे । अझ क्वाटर गार्डमा बस्ने त कोही पनि मन पराउँदैनथे । उता म कन्ट्रोल रुममा खाना खान जाँदा बिहान बेलुकी १/१ घण्टा बाहिर बस्थैं । कहिलेकाँही पढ्न मन लागेन भनैं दिनभरी पनि बाहिर बस्थैं । बच्चाको आमा महिला प्रहरीको ड्युटी पर्‍यो भने बच्चालाई दुध खुवाउन जान पर्ने हुन्थ्यो, २ बजे भित्र जान्थें, बाहिर बस्दा हामी तलदेखि माथिसम्म छलफल गर्थ्यौं, सबैजना पोजिटिभ नै हुन्थे तर गाह्रो छ मेडम, सम्भव छ र ? भन्ने गर्थे । हिरासत भित्र र बाहिर आउने मुद्दाको प्रकृति हेरी हामी पनि छलफल गर्थ्यौं, यो ठीक यो बेठीक भन्ने गर्थ्यौं ।

रातो खबर पत्रिका हामी हिरासतमा परेदेखि आउन छोड्यो । सबै पत्रिकाहरू पत्रिका पठाउने भाइको कोठामा थन्किएका रहेछन् । जिल्ला बाहिर बसेका साथीहरूले मिलाउन सकेनन् । तर बाहिरका राष्ट्रिय दैनिक जिल्लाका लोकल पत्रिका, नियमित अध्ययन गर्थ्यौं भने किताबहरू क. विप्लवका रचनाहरू एकीकृत जनक्रान्ती लगायत मार्क्सवादी किताबहरू सबै पढ्न दिइएको थियो । जिल्लाको सि.डि.ओ. र एस.पी. अलि वुझ्ने भएकाले पनि हामीले राजवन्दीको व्यवहार पायौं । तलदेखि माथिसम्मका प्रहरी जवानहरूसँग अन्तरघुलन, छलफल, बहस गर्ने मौका पनि पाइयो ।

शिक्षक संगठनमा काम गर्दा छलफल चल्दा गुणराज लोहनी, लालबहादुर बि.सी.सरले - 'देवकलालाई एक दिनभर टी.भी., पत्रपत्रिका, फोन र कोही साथी पनि नदिई राखिदिने हो भने यहाँभन्दा बढी ठूलो सजाय केही हुँदैन' भन्ने गरेको याद आयो । तर पनि ५८ दिन एक्लै काटियो । भेट्न आउने सबैका आफन्तजनहरू, वकिल, पत्रकार, मानवअधिकारकर्मीहरू, अरु पार्टीका नेताहरू, अधिकतम्, जनताहरू हुन्थे भनैं हामीले कमाएको मान्छे नै हो । मान्छे चिन्ने अवसर पनि पायौं । भेट्न आउने जनताले माया गरेर कसैले पैसा, कसैले फलफूलदेखि उसिनेको मकै, भुटेको मकै, तरुलसम्म सबै खानेकुरा लिएर आउने गर्थे । ५८ दिनसम्म बस्दा १०-१२ दिनको नास्ता मात्र किने हुँला मैले ।

१० वर्षसम्म संसदीय व्यवस्थाका विरुद्ध जनयुद्धमा पार्टी, सेना, मोर्चा पाल्यो । हामी १३ जनाको मात्र कुरा भएन, त्यसको परिणाम प्रचण्ड बाबुरामले वर्गघात गरे, राष्ट्रघात गरे, जनघात गरे । जनताले उपहार ३ वटा घात पाए । संसदीय व्यवस्थाका विरुद्ध पोखिएको हाम्रो रगतको आहाल सुक्न नपाउँदै २० वर्षपछि फेरि चरणबद्ध गरेर संसदीय व्यवस्थाको पुनर्ताजगी गर्दैछन् । यसका विरुद्ध जनताले धावा बोल्दा यिनीहरूले हामीलाई ५८ दिन हिरासतमा सडाए । हामीले देखेको सपना, जनताको सपना हो, शहिदको सपना पुरा गर्ने हो । शहिदको रगतको आहालमा डुबेर संसदीय व्यवस्थाको बिजारोपण गरेपनि एकीकृत जनक्रान्तिको कार्यदिशाले त्यसलाई किनारा लाउँदैछ, लगाउने छ । नेपालमा क्रान्ति सम्भव छ, हुन्छ, हाम्रो पार्टीले गर्छ भन्ने पुनः विश्वासका साथ अगाडि बढ्दैछौं ।

बाहिर पार्टीले के, कसो गरेको छ केही अत्तो-पत्तो नै थिएन । शुरुमै ब्युरो इन्चार्ज खुमा सुवेदीले २ जना साथी भेट्न पठाउनु भएको थियो त्यो भन्दा पार्टीको खबर केही भएन । बरु प्रहरीहरूले नै आज गाडी जलाए, यता बम राखे, क. नविनको कोठामा खानतलासी गरे भन्ने सूचना दिन्थे । मैले जिल्लाका सदस्यहरू र मुख्य मुख्यलाई भेट्न नआउन भनेको थिए । तर साथीहरूले च्यानल जोड्न जानेनन् । पार्टीले बाहिर के गरेछ भन्ने हामीहरूलाई थाहा भएन । भित्र हामीले के गरेका छौं भन्ने कुरा बाहिर खबर त पठाउथ्यौं, तर खबर पाए पाए नपाएको थाहा भएन ।

२८ औं दिनको दिन प्रहरीहरूले भाईहरूको हातको हतकडी खोलेजस्तो गरे र १५-२० जनाले १ जनालाई समातेर ४ कदम अगाडि जाने बित्तिकै पुनः हतकडी लगाए । साथीहरूको घरको समस्याले पिरोलिरहेको थियो । कसैको घरमा खाने चामल छैन, कसैको घरको छाना हावाहुरीले उडाएको खबर थियो । ५ जना संस्थामा काम गर्ने साथीहरूको जागिर जाँदै थियो । वर्षभरी खाने खेतीपातीको मौसममा बिनाकसुर साथीहरू पुनः हिरासतमा पर्दा रिसले म थरथर काम्न थाले असई हिरा मेडमले तपाईंको किन हात कामिरहेको छ भन्नुभयो । साथीहरूको घरको पीडाले भनैं । धन्य हो सरकार, १३ जनालाई ३०० प्रहरीले सिधै गाडीमा राखेर हस्पिटल पुर्‍याएर डक्टरी गरेको औपचारिकता निभाएर मलाई पहिला भ्यानमा राखेर ल्याइयो । पछि साथीहरूलाई वान टन गाडीमा राखेर ल्याएछन् । भाईहरू गाडीबाट नझरेपछि तानातान भएछ, इन्सपेक्टर हेम शाहीको हातको कुहिनाले क. शक्तिको पेटमा लागेको थियो ।

एक दिन ६ नबज्दै सी.डी.ओ. विष्णुबहादुर थापालाई हाजिर गराए । हामीहरूले आफ्नो समस्या राख्यौं । सी.डी.ओ. र एस.पी. निरिह भएर तपाईंहरू अन्यायमा परेको थाह छ, के गरौं, माथिको आदेश भनेर निरिहता प्रकट गरे । त्यसपछि साथीहरूको निःशुल्क उपचार गर्ने, घरमा फोन गर्न दिने, हामीहरूले होटलबाट मासु मगाएर खाने गरेका थियौं, मासु ल्याउन होटलमा महँगो पर्छ, भित्रै पकाइदिन्छु भन्ने सल्लाह पनि भयो, सङ्घ संस्थामा काम गर्ने साथीहरूको सम्बन्धित कार्यालयमा फोन गरी समितिका मान्छेहरूलाई जिल्ला प्रहरी कार्यालयमा बैठक बस्ने व्यवस्था मिलाईदिने आर्थिक सालतमामी बेला हिसाब किताब मिलाउन दिने सहमति भयो ।

छोरा सरोज आचार्य पोखराको गण्डकी आवासीय मा.वि.मा कक्षा ४ देखि १० सम्म पढ्थ्यो । क्रान्तिको बीचबाट जन्मेको छोरा दुःख गरी हुर्काएँ । एस.ई.ई. दिने बेला पनि पोखरा जान पाइन । होस्टेलबाट निकाल्ने बेला पनि जान पाईन, घरमा आउँदा लिनजान पनि पाएको थिइन । ११ र १२ कक्षाका लागि ब्रिज कोर्स गर्न काठमाडौं पठाउँदा पनि आफू जान पाइनँ । पछि गिरफ्तार परैं । छोराको पीडाले सताउन थाल्यो । बीचबीचमा फोन गर्न मिलाएको थिएँ तर माथिबाट सिधै भन्यो भने फोन गर्न पाइने, तल भन्दै जाँदा एस.पी.सम्म पुग्ने कुरा दुर्लभ नै हो । फोन गर्ने बेला हाकिमहरू नभए झगडै गर्नुपर्ने हुन्थ्यो । मैले क्रान्तिको बीचबाट जन्मेको छोरालाई यो राष्ट्रको सवल र सक्षम बनाउनु छ । मैले पहिले नै भरत सरलाई भनेको थिएँ । कक्षा १० को नतिजा आउने बित्तिकै मलाई खबर गर्नुहोला सर, म भित्र बन्द पर्खालमा छु, तपाई बाहिर हुनुहुन्छ भनेको थिएँ र असार नौ गते छोराको जन्मदिनको दिन मैले पहिला शुभकामना दिन पाउनुपर्छ भनेको थिएँ ।

खाना खाने बेला आज छुट्ने दिन मेरो फोन दिनुस सर भने, मोबाईल आयो, मैले विशेष क. युद्धलाई फोन गरें, कहाँ हुनुहुन्छ भनेर, युद्धले राजापुर जाँदैछु भन्नुभयो । तपाईं तुरुन्तै फर्कनुस् हामी छुट्दैछौं भने, युद्धले होइन सी.डी.ओ.ले भोली छोड्दैछ भनेर भन्नुभयो, मैले आजै छोड्दैछ भने क. सङ्घर्षशील र क. श्यामलाई फोन गरे पछि होइन यसरी फोन गर्न भएन भनेर मेरो फोन भित्र लगियो । त्यत्ति खबर गर्न पाएपछी मलाई पुग्यो भनें, जिल्ला प्रशासन कार्यालय जाँदा त सबैलाई चुनाव लागेको कार्यालयमा डिल्ली सर मात्रै हुनुहुदोरहेछ । प्रशासन कै विनय र डिल्ली सरले बयान सकिएपछि हामी समयमै छुट्यौं, बाहिर आएर पत्रकार सम्मेलन गरियो, छुट्ने साथीहरूले क.विशेष अभिनन्दन गर्नुभयो ।

बाहिर हाम्रो पार्टी संगठनदेखि आत्तिएर चुर भएका माओवादी केन्द्रका साथीहरूले बहिष्कार गर्न पर्छ भनेर सी.डी.ओ. र एस.पी.सँग मिलेर देवकला टिमसहित भित्र बसी भनेछन् । संसदीय पार्टीहरूले भन्दा नबुझेका घरपरिवारले बेइज्जती भयो खै त विप्लवको शक्ति आजसम्म पनि छुटाउन सकेनन् भन्ने गर्दा रहेछन्, बाहिर त्यस्तो भएपछि मलाई आएर कोहीले आक्रोश पनि पोखे । तपाईं नेताहरूलाई के भयो र ? हाम्रो घरपरिवार बिग्रियो, केटाकेटीको बिजोग भयो भनेर रुने कराउने गरे पहिला पहिला आउँदा, पछी हिरासत भित्रैबाट घरपरिवारलाई सम्झाएपछि हामी र हाम्रो पार्टी जनताको अधिकारको लागि लडेको हो, यो समाजको दलाल राज्यसत्ता फेर्न बदल्न लडेको हो । हाम्रो गाउँठाउँमा हुने समाजका विकृति, विसंगतिका विरुद्धमा लडेको हो । जनयुद्ध लड्दाखेरी १० वर्षमा देशका १६ हजार मान्छेहरूले ज्यान गुमाए, तर प्रचण्ड, बाबुरामले धोका दिए । सङ्घर्ष गर्दा कठिनाई र समस्याहरू त सामना गर्न तयार हुनुपर्छ, हामी हाम्रो व्यक्तिगत स्वार्थका लागि हैन । दलाल संसदीय प्रतिकृयावादी राज्यसत्तालाई परास्त गर्न हामी एकजुट हुनुपर्छ, भनेर सम्झाएपछि अर्को पटक भेट्न आउँदा अलि खुशीको अनुहार लिएर नआत्तिनु, हामी बाहिर सङ्घर्ष गरिरहेकै छौं, सान्त्वना दिन थाल्नुभयो ।

मलाई गर्व लाग्थ्यो, मेरो बुबाले राजनीति सिकाएर आफूले कठोर सङ्घर्ष गरेर बसेको संकटकालमा दिनको ३ पटक मेरो ठूलो भाई होमनाथ अधिकारीलाई चौकी हाजिर हुनुपर्ने, कान्छोभाईलाई सुर्खेतमा आर्मीले १ हप्ता चरम यातना दिएर छोडेको, घरबाट २ जना शहिद भएको, आमाले वर्ग सङ्घर्षबाट धेरै ज्ञान प्राप्त गर्नुभएको छ । त्यही प्रेरणाबाट आफूलाई अगाडी बढाउने मौका पनि पाएको छु ।


## भावपुर्ण श्रद्धाञ्जली



जन्म
वि.सं. २००६/०५/०७

निधन
२०७४-०४-१६

इन्द्र बहादुर शाही

राज्यद्वारा वेपत्ता योद्धा अजय शाहीका आदरणीय बुबा तथा समाजसेवी काठमाडौं जिल्ला पाँगा, धुसी निवासी श्री **इन्द्र बहादुर शाही**को यही साउन १६ गतेका दिन ६८ वर्षको उमेरमै दुःखद निधन भएकोले उहाँप्रति **हार्दिक श्रद्धाञ्जली** साथै उहाँका शोाकाकुल परिवार साथै छोरा विजय शाही र छोरी विद्या शाहीप्रति **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**नेवाः राष्ट्रिय मुक्ति मोर्चा नेपाल**
केन्द्रीय समिति

# चिनियाँ र फ्रान्सेली सम्बन्ध

## चीन र फ्रान्सबीच आधा शताब्दीको कूटनीतिक सम्बन्ध प्रतिबिम्ब

चियाङ सिसुए

सन् २०१४ ले औपचारिक चिनियाँ फ्रान्सेली सम्बन्धको ५० औँ वार्षिकी मनायो । सन् १९६४ जनवरी २७ को दिन पेइचिङ र पेरिसले कूटनीतिक सम्बन्ध शुभारम्भ भएको घोषणा गरे । केहीले त्यसलाई 'कूटनीतिक परमाणु विस्फोट' का रूपमा व्याख्या गरे, त्यो घटना अन्तर्राष्ट्रिय समुदायमा एउटा आघातका रूपमा देखापर्‍यो ।

चीन र फ्रान्सबीच कूटनीतिक सम्बन्ध स्थापनाको संयुक्त विज्ञप्ति असाधारण रूपले छोटो थियो- त्यसमा मात्र ४५ वटा चिनियाँ अक्षरहरू थिए- तर संसारभरिबाट आएको प्रतिक्रिया भने गम्भीर थियो । घोषणाको केही समयपछि संयुक्त राज्य अमेरिकामाथि आश्रित 'टाइम्स' पत्रिकाले विश्वव्यापी सार्थकता रहेको घटनाबारे प्रतिक्रिया जनायो - 'एउटा राष्ट्रका रूपमा २० औँ शताब्दीमा आएर फ्रान्स मरणासन्न अवस्थामा पुगिसकेको देखिन्छ... जे भए पनि गत हप्ता एउटा असम्भव कुरा स्पष्ट रूपले साकार भयो र फ्रान्स फेरि एकचोटि विश्व मामिलाका एक प्रवर्तक र अझ एक धक्का दिने शक्ति भएर निस्क्यो... । फ्रान्सेली राष्ट्रपति चार्ल्स डे गाल्ल (Charles De Gaulle) ले विश्व शक्तिका रूपमा उभ्याउन 'आफ्नो राष्ट्रको पुनरुत्थान गर्नलाई त्यस कारबाहीले एसियामा संयुक्त राज्य अमेरिकाको नीतिलाई गम्भीर नोक्सान पुऱ्याउने गरी विरोधलाई एकातिर पन्छाएर राष्ट्रपतिले पेइचिङको कम्युनिस्ट शासनलाई चीनकै सरकारका रूपमा मान्यता दिए ।'

१९६० को दशकको भूराजनीतिक सन्दर्भमा पेइचिङसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने पेरिसको निर्णयले मूलभूत ऐतिहासिक धारलाई देख्ने क्षमतासहित एक स्वप्नदर्शीका रूपमा आआफ्नो परम्परालाई जोड्दै चीनप्रति राष्ट्रपति चार्ल्स डे गाल्लको दूरदर्शी निर्णयबारे स्पष्ट पार्‍यो । दूरदर्शी फ्रान्सेली राजनीतिज्ञले एसिया र विश्वले भोगिरहेका जटिल समस्याहरूको गाँठो फुकाउन चीनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुरा बताए ।

अझ त्योभन्दा पनि राष्ट्रपति डे गाल्लले फ्रान्सलाई प्रदान गरेको स्वाधीन विदेश नीति भनेको संयुक्त राज्य अमेरिकाको दबाबको अगाडि नझुक्किन चिनियाँ-फ्रान्सेली सम्बन्ध स्थापना गर्न पुऱ्याएको योगदान नै महत्वपूर्ण पक्ष थियो । सन् १९५० मा डे गाल्लले घोषणा गरे- "आज विश्वमा शान्तिका लागि सबैभन्दा बढी खतरा संयुक्त राज्य अमेरिकामा भएको छ ।'

**मित्रता**

फ्रान्समा गएको राष्ट्रपतीय चुनाव अभियानमा तत्कालीन राष्ट्रपति निकोलास साकोर्जी (Nicolas Sarkojy) समूहले आफ्नो प्रतिद्वन्द्वी फ्रान्कोइस होलान्डे (Francois Hollande) लाई चीनमा कहिल्यै भ्रमण नगरेको भनी आलोचना गरेको थियो । आफू निर्वाचित भएमा होलान्डेले यथासम्भव छिटो चीन भ्रमण गर्ने कुरालाई निश्चयतापूर्वक अगाडि सारे र फ्रान्सको नयाँ राष्ट्रपतिको हैसियतले होलान्डेले सफलतापूर्वक आफ्नो चीनको पहिलो भ्रमण पूरा गरे । उनी नै चीनको नेतृत्वले स्वागत गरेको पहिलो प्रमुख पश्चिमेली नेता पनि थिए ।

जनगणतन्त्र चीनसँग कूटनीतिक सम्बन्ध स्थापना गर्ने पहिलो प्रमुख पश्चिमेली मुलुक भएको बाहेक फ्रान्सले चिनियाँ-पश्चिमेली सम्बन्धमा कमभन्दा कम दुईवटा कुरामा 'पहिलो भएको' दाबा गर्नसक्छ : सन् २०१२ मे महिनामा राष्ट्रपतीय चुनावपछि राष्ट्रपति होलान्डेले भेट गरेको पेरिसस्थित तत्कालीन चिनियाँ राजदूत खोङ छुएन (Kong Quan) नै पहिलो विदेशी राजदूत थिए र सन् २०१३ मार्च महिनामा चिनियाँ राष्ट्रपति सी जिङपिङ निर्वाचित हुनुभएपछि होलान्डे नै बधाई सन्देश पठाउने प्रमुख पश्चिमेली मुलुकका पहिला राष्ट्राध्यक्ष थिए ।

यी प्रथमपटकका कुराहरूले चीन र फ्रान्सबीचको परम्परागत मित्रता तथा फ्रान्सको रणनीतिक दूर दृष्टिका साथै चिनियाँ-फ्रान्सेली सम्बन्ध र वर्तमान द्विपक्षीय सम्बन्धको स्वस्थ विकासमा होलान्डेको महत्व पनि जोडिएको छ ।

**गतिरोध**

औपचारिक सम्बन्ध स्थापना भएपछि दुई देशबीचको सम्बन्धले विस्तारै सही दिशा लियो । त्यसो भए तापनि विगतको आधा शताब्दीभन्दा बढी समयमा चिनियाँ-फ्रान्सेली सम्बन्ध सदैव सुमधुर भएन । सन् १९९२ मा फ्रान्सले चीनको सार्वभौमसत्ता उल्लङ्घन र घरेलु मामिलामा हस्तक्षेप गर्दै चीनको ताइवानलाई हतियार बेच्ने निर्णय गर्‍यो । चीनले निर्णायक कारबाहीसहित प्रतिक्रिया जनायो- केही प्रस्तावित संयुक्त परियोजनाहरू रद्द गरिए, छुएनचाऊ (Quanzhou) स्थित फ्रान्सको महावाणिज्य दूतावास बन्द गरियो, मन्त्रीस्तरीय तहमन्दा माथिको द्विपक्षीय आदानप्रदान बन्द भयो । यसरी फ्रान्सको गलत निर्णयले चिनियाँ-फ्रान्सेली सम्बन्धमा नराम्रो चोट पुर्‍यायो ।

सन् १९९४ को सुरुमै संयुक्त विज्ञप्ति प्रकाशित भएपछि द्विपक्षीय सम्बन्ध फेरि सामान्य अवस्थामा पुग्यो । त्यस दस्तावेजमा फ्रान्सले ताइवान जनगणतन्त्र चीनको एउटा अङ्ग हो भनी स्वीकार गर्‍यो र त्यस क्षेत्रमा फेरि हतियार नबेच्ने वचनबद्धता व्यक्त गर्‍यो । १० वर्षभन्दा बढी समय यो स्थिति कायमै रह्यो र राजनीति अर्थतन्त्र, विज्ञान, संस्कृतिलगायत धेरै क्षेत्रहरूमा चिनियाँ-फ्रान्सेली सम्बन्धमा छिटछिटो प्रगति र फलदायी आपसी सहयोगको विकास भयो ।

१ जुलाई २००८ को दिन युरोपेली सङ्घको पालोअनुसार फ्रान्सले अध्यक्षता ग्रहण गर्‍यो । तत्कालीन फ्रान्सेली राष्ट्रपति सार्कोजीलाई फ्रान्स र चीनबीचको सम्बन्ध संवर्द्धन गर्न यो राम्रो मौका भयो । तर चीनको केन्द्रीय सरकार र दलाई लामाका प्रतिनिधिहरूबीच वार्ता फलदायी भएको अवस्थामा मात्रै पेइचिङ ओलम्पिकको उद्घाटन समारोहमा आफू सहभागी हुने जानकारी दिँदै उनले मोलमोलाइ गरे । जे भए पनि पछि आएर सार्कोजी समारोहमा उपस्थित भए तथा युरोपेली सङ्घको अध्यक्षतामा पहिलो राष्ट्राध्यक्षको हैसियतमा चीनबाट तिब्बतलाई टुक्र्याउन खोजिरहेको भनी चिनियाँ सरकारले आरोप लगाएको दलाई लामासँग भेट पनि गरे । सार्कोजीले चर्को प्रतिक्रिया खेप्नुपर्‍यो । फ्रान्सेली पक्षको गैरजिम्मेवार कारबाहीदेखि चीन असन्तुष्ट थियो । चीन-युरोपेली सङ्घको शिखर वार्ता स्थगित भयो र २००९ को सुरुमै तत्कालीन चिनियाँ प्रधानमन्त्री वन चियापाओको युरोप भ्रमणबाट फ्रान्सलाई हटाइयो । पछि प्रधानमन्त्री वनले के भन्नुभयो भने नक्सा हेर्नुहुँदा उहाँले आफू चढेको वायुयानले फ्रान्सको चारैतिर घुमेको देख्नुभयो । उहाँले थप्नुभयो, 'त्यस भ्रमणमा फ्रान्स नपर्नुको कारण सबैलाई थाहै छ । यो चीनको गल्ती होइन ।'

द्विपक्षीय सम्बन्धलाई पुनः स्थापना गर्न सन् २००९ अप्रिल १ को दिन चीन र फ्रान्सले एउटा संयुक्त विज्ञप्ति प्रकाशित गरे । त्यस विज्ञप्तिमा फ्रान्सले तिब्बत मामिलाको महत्व र संवेदनशीलतालाई स्वीकार गर्‍यो, एक चीन नीति र तिब्बत चिनियाँ भूभागको एउटा अभिन्न अंग भएको अवस्थितिप्रति आफ्नो समर्थनलाई पुनः दोहोर्‍यायो र 'तिब्बत स्वतन्त्रता' को कुनै पनि स्वरूपलाई समर्थन गर्न अस्वीकार गरे ।

सन् २०१० को नोभेम्बरमा तत्कालीन चिनियाँ राष्ट्रपति हु चिनथाओले फ्रान्सको भ्रमण गर्नुभयो । हु चिन थाओको सार्कोजीसँग भेटवार्तापछि आपसी विश्वास र आपसी हितमा आधारित एउटा नयाँ परिपक्व र स्थिर व्यापक रणनीतिक साझेदारी निर्माण गर्ने वचनबद्धता प्रकट गर्दै दुई देशले संयुक्त विज्ञप्ति जारी गर्‍यो । त्यहाँबाट चिनियाँ-फ्रान्सेली सम्बन्धले विकासको नयाँ चरणमा प्रवेश गर्‍यो ।

**चीन युरोपेली सङ्घको सम्बन्ध**

यी तलमाथि हुँदाहुँदै पनि द्विपक्षीय सम्बन्धलाई अझ गहिर्‍याउने आवश्यकतामा दुवै पक्ष सहमत भए । अन्तर्राष्ट्रिय राजनीतिक र आर्थिक संरचनामा गम्भीर परिवर्तन आएकै बेला यसो गर्नु संयुक्त राष्ट्रसङ्घको दुई स्थायी सदस्यहरू : चीन र फ्रान्सका लागि विश्व शान्ति कायम राख्न र विश्वव्यापी विकासको प्रवर्द्धनमा दुवैले संयुक्त रूपमा जिम्मेवारी लिनु विशेष महत्वको कुरा हो ।




चीन-युरोपेली सम्बन्धको प्रवर्द्धनमा फ्रान्सले नमेटिने योगदान गरेको छ । उदाहरणका लागि सन् १९७० मा चीन इटाली औपचारिक सम्बन्ध स्थापनामा मध्यस्थकर्ताको भूमिकामा फ्रान्सले सघाएको थियो । सन् २००३ मा चीन-युरोपेली सङ्घ व्यापक रणनीतिक साझेदारीको स्थापनालाई प्रवर्द्धन गर्न फ्रान्सले महत्वपूर्ण भूमिका पनि निर्वाह गर्‍यो ।

लामो समयदेखि चीनमाथि लगाइएको युरोपेली हतियार निषेधलाई अन्त्य गर्न फ्रान्सले योगदान गरेको छ । सन् २००५ मार्चमा तत्कालीन फ्रान्सेली राष्ट्रपति ज्याक सिराकले जापानको भ्रमणमा रहँदा जापानी प्रधानमन्त्री जुनिचिरो कोइजुमीसँगको संयुक्त प्रेस सम्मेलनमा युरोपेली सङ्घले आफ्नो हतियार निषेधलाई हटाउनुपर्छ भन्ने चीनको माग कानुनसम्मत र विवेकपूर्ण भएको बताए ।

त्यसो भए पनि संयुक्त राज्य अमेरिकाको दबाबमा परेर चीनमाथि लगाइएको युरोपेली हतियार निषेधलाई अन्त्य गर्ने कार्यलाई प्रवर्द्धन गर्न फ्रान्स र युरोपेली सङ्घका केही देशहरू असफल भए ।

पक्कै पनि चीन र फ्रान्सबीच थुप्रै अन्तर्राष्ट्रिय मामिलाहरूमा एकले अर्कोलाई समर्थन गर्नु आपसी हितमा छ । चिनियाँ फ्रान्सेली सम्बन्धको गहिरो अग्रगमन त दुवै देशको कूटनीतिक विविधताको सिद्धान्तलाई कायमै राख्नु हो । यसो हुनु चीन र अन्य पश्चिमेली देशहरूबीचको सम्बन्धलाई सहयोग पुग्नुका साथै फ्रान्स र उदीयमान अर्थतन्त्रबीचको सम्बन्ध विकासमा प्रेरक भएको छ । उदाहरणका लागि समूह २० (G-20) को आलोपालो अध्यक्षताको काम फ्रान्सले सुरु गर्न लाग्दा सन् २०१० मा सार्कोजीले चीनको 'चर्चित भ्रमण' गरे । अन्तर्राष्ट्रिय संचार माध्यमहरूले समूह २० को सम्मेलनले कार्यसूची प्रवर्द्धनमा पेइचिङको ठोस सहयोग पेरिसलाई आवश्यक भएको कुरा उल्लेख गर्दै भ्रमण फ्रान्समा हुने समूह २० को शीर्ष सम्मेलनसँग सम्बन्धित भएको दाबा गरे ।

**आशाजनक भविष्य**

स्वाधीनताको बलियो भावना भएका दुई ठूला राष्ट्रहरूका रूपमा चीन र फ्रान्स दुवै आआफ्नो राष्ट्रको समृद्धि र आआफ्ना जनताको सुख तथा बहुपक्षीय र बहुध्रुवीयतामा प्रतिबद्ध छन् । यी समानताहरूले चीन फ्रान्स सम्बन्धको स्थिर अग्रगमनका लागि ठोस राजनीतिक आधारको जग बसालेकोमा कुनै शंका छैन ।

सकारात्मक र रचनात्मक दुवै अनुभवहरू सँगालेर दुवै मुलुकका नेताहरूले चिनियाँ-फ्रान्सेली मैत्री-सम्बन्धको प्रगतिको महत्वबारे बुझेका छन् । २५-२६ अप्रिल २०१३ को दिन फ्रान्सेली राष्ट्रपति फ्रान्कोइस होलान्डेको सबैभन्दा पछिल्लो भ्रमणका बेला चिनियाँ राष्ट्रपति सिले सञ्चार र आदानप्रदान बलियो पार्नुपर्ने, एकले अर्कोलाई सम्मान गर्नुपर्ने, आपसी विश्वासलाई गहिर्‍याउनुपर्ने, एकअर्काको सारभूत चाहना र चासोलाई इमानदारीपूर्वक समायोजित गर्नुपर्ने र आआफ्नो विकास पथको स्वाधीन छनोटलाई समर्थन गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

सीले भन्नुभयो- 'भविष्यमा चीन फ्रान्सको व्यापक रणनीतिक साझेदारीको नयाँ ढङ्गको विकासलाई हेर्न हामी प्रतीक्षारत छौँ । यस भ्रमणको माध्यमबाट रणनीतिक र राजनीतिक विश्वास बढाउन, उद्योग, कलकारखाना र अन्य क्षेत्रहरूमा व्यावहारिक सहयोगलाई प्रवर्द्धन गर्न, अन्तर्राष्ट्रिय र क्षेत्रीय मामिलाहरूमा समन्वय र सहयोगलाई बलियो बनाउन तथा नयाँ उचाइमा नयाँ ढङ्गको चीन-फ्रान्स व्यापक रणनीतिक साझेदारी ग्रहण गर्न फ्रान्ससँग मिलेर काम गर्न हामी तयार छौँ ।"

होलान्डेले पनि दुई जिम्मेवार शक्तिका रूपमा चीन र फ्रान्सले अत्यन्त जरुरी विश्व मामिलाबारे वार्ता र समन्वयलाई अगाडि बढाउनुपर्ने तथा आर्थिक सुशासनको प्रवर्द्धन गर्न र विश्व शान्ति र सम्पन्नतालाई रक्षा गर्न सँगसँगै कार्य गर्नुपर्ने कुरामा जोड दिए ।

चीन र फ्रान्स विकासका भिन्न भिन्न चरणमा छन् र दुईवटा अर्थ व्यवस्थाहरू एक आपसमा निकै नै पूरक भएका छन् । यसले त आर्थिक सहयोगको माध्यमबाट दुवै देशलाई हित हुने परिणाममा पुग्न राम्रो अवसर पनि प्रदान गर्दछ । युरोपेली सङ्घमा जर्मनी, नेदरल्यान्ड र संयुक्त अधिराज्यपछि फ्रान्स अहिले चीनको चौथो सबैभन्दा ठूलो व्यापार साझेदार भएको छ । द्विपक्षीय व्यापार सन् २००३ मा १३०४ बिलियन (१३ अरब ४० करोड) डलरबाट बढेर सन् २०१२ सम्ममा ५१ बिलियन डलर पुग्यो । त्यसमा २०१३ मा पहिलो तीन चौथाइमा द्विपक्षीय व्यापार आयतन ३७.१ अर्ब डलर पुग्यो । भविष्यमा अझ वृद्धि र सहयोग बढ्ने ठूलठूला अवसरहरू पनि मिल्ने कुरा प्रस्ट छ । अहिले दुईपक्षीय प्रत्यक्ष लगानी पनि उदीयमान अवस्थामा छ ।

(लेखक सामाजिक विज्ञानको चिनियाँ प्रज्ञाप्रतिष्ठानअन्तर्गत युरोपेली अध्ययन संस्थाका उपनिर्देशक हुन् ।)

## चीन-फ्रान्स सम्बन्धको समयचक्र

**२७ जनवरी १९६४** : चीन र फ्रान्सले कूटनीतिक सम्बन्ध स्थापना गरे । फ्रान्स नै नयाँ चीनलाई मान्यता दिने पहिलो मुख्य पश्चिमेली राष्ट्र हो ।

**११-१७ सेप्टेम्बर १९७३** : फ्रान्सेली राष्ट्रपति जर्ज पम्पिडु (Georges Pompidou) चीन भ्रमण गर्ने पहिलो पश्चिमेली युरोपेली राष्ट्रपति हुन् ।

**१२-१८ मे १९७५** : एक चिनियाँ नेताको हैसियतमा चिनियाँ उपप्रधानमन्त्री तेङ सियाओ फिङले आफ्नो पहिलो भ्रमणको सिलसिलामा प्रमुख पश्चिमेली राज्य फ्रान्सको भ्रमण गरे ।

**१५-१८ अक्टोबर १९७९** : चिनियाँ प्रधानमन्त्री ह्वा कोफङले एक चिनियाँ प्रधानमन्त्रीको हैसियतमा फ्रान्सको भ्रमणको मार्गदर्शन गरे ।

**७-११ नोभेम्बर १९८७** : एक चिनियाँ राष्ट्रपतिको हैसियतमा पहिलो भ्रमण चिनियाँ राष्ट्रपति ली सियननियनले फ्रान्सको भ्रमण गरे ।

**२७ सेप्टेम्बर १९९१** : द्विपक्षीय सम्बन्धलाई नराम्रोसित बिगार्दै फ्रान्सले ताइवानलाई ६ वटा लाफायत क्षेप्यास्त्र बेच्यो ।

**१२ जनवरी १९८४** : चीन-फ्रान्सले एउटा संयुक्त विज्ञप्ति प्रकाशित गरे । त्यसमा फ्रान्सले ताइवानलाई सशस्त्र बनाउने कार्य बन्द गर्ने प्रतिबद्धता जाहेर गर्‍यो । यसरी सम्बन्ध पुनर्स्थापित भयो ।

**८-१२ सेप्टेम्बर १९९४** : चीन-फ्रान्सको कूटनीतिक सम्बन्धको ३० औँ वर्षगाँठको अवसरमा चिनियाँ राष्ट्रपति चियाङ चमिनले फ्रान्सको भ्रमण गरे तथा दुवै देश समान र आपसी हितका आधारमा द्विपक्षीय सम्बन्ध विकास गर्न राजी भए ।

**१६ मे १९९७** : चिनियाँ राष्ट्रपति चियाङ चमिन र चीन भ्रमणमा रहेका फ्रान्सेली राष्ट्रपति ज्याक सिराकले 'व्यापक (रणनीतिक) साझेदारी' स्थापना गर्न इच्छुक हुँदै संयुक्त विज्ञप्तिमा हस्ताक्षर गरे ।

**२६-२९ जनवरी २००४** : चिनियाँ राष्ट्रपति हु जिनताओले फ्रान्सको तीनदिने भ्रमण गरे । त्यसबेला चीन-फ्रान्स सम्बन्धको नयाँ अध्याय खोल्दै दुवै देश 'व्यापक रणनीतिक साझेदारी' लाई विस्तारैबिस्तारै अघि बढाउन वचनबद्ध भए ।

**२५-२७ नोभेम्बर २००७** : फ्रान्सेली राष्ट्रपति निकोलस सार्कोजीले चीनको भ्रमण गरे ।

**२००८** : सार्कोजीको दलाई लामासँग भेटवार्ताले चीन-फ्रान्सको सम्बन्धलाई अस्थायी रूपले बिगार्‍यो ।

**१ अप्रिल २००९** : फ्रान्स र एक चीन नीति तथा तिब्बत चिनियाँ भूभागको एउटा अभिन्न हिस्सा भएको स्थितिप्रति आफ्नो समर्थनलाई पुनः दोहोर्‍याएको संयुक्त विज्ञप्ति निकाल्दै चीन र फ्रान्सले द्विपक्षीय सम्बन्धलाई पुनःस्थापना गर्‍यो ।

**२००९** : युरोपेली सङ्घभित्र फ्रान्स-चीनको चौथो सबैभन्दा ठूलो व्यापार साझेदार भयो । त्यसैगरी चीन एसियामा फ्रान्सको पहिलो व्यापार साझेदार भयो ।

**४-६ नोभेम्बर २०१०** : चिनियाँ राष्ट्रपति फ्रान्सको भ्रमणमा रहँदा चीन र फ्रान्सले धेरै सहयोग सहमतीहरूको चाङ्मा हस्ताक्षर गरे ।

**२५-२६ अप्रिल २०१३** : फ्रान्सेली राष्ट्रपति फ्रान्कोइस होलान्डेले चीनको भ्रमण गरे ।

The Sino-French Connection
BEIJING REVIEW
January 23, 2014

# माओवादी कमरेडहरूसँग

अरुन्धती रोय



भारतबाट प्रकाशित हुने ‘आउटलुक’ अंग्रेजी साप्ताहिक (मार्च १९ २०१०) मा अरुन्धती रायको लामो लेख प्रकाशित भएको थियो । भारतीय माओवादीहरूको प्रभाव रहेको दन्तेबाडाको दण्डकारण्य क्षेत्रको भ्रमण गरेर लेखिएको यो रिपोर्ताज शैलीको लेख ‘वाकिङ विथ कमरेड्स’ शीर्षकमा प्रकाशित भएको थियो । त्यसको नेपाली अनुवाद भएको पनि धेरै वर्ष भइसकेको छ । भारतको माओवादी विद्रोह गहिराइमा पुगेर बुझ्न र भारतका उच्च तहका बुद्धिजीवीहरूको त्यससम्बन्धी धारणा बुझ्नसमेत यो कृतिले सघाउन सक्छ । सोही कृतिका केही अंश यहाँ प्रस्तुत गरिएको छ -

- दन्तेबाडामा प्रहरी सादा पहिरनमा हिँड्छन् र विद्रोहीहरू ‘युनिफर्ममा हुन्छन्’ जेलर जेलमा छ, कैदीहरू स्वतन्त्र छन् । (दुई वर्ष अगाडि सहरको पुरानो जेलबाट तीन सय कैदीहरू फरार भए) बलात्कृत महिलाहरू प्रहरी हिरासतमा छन्, बलात्कारीचाहिँ बजारमा भाषण गरिरहेको भेटिन्छ ।
- जनवरी २७, २००७ मा छापामारले गङ्गलौरको प्रहरी चौकीमा आक्रमण गरे । ७ जना प्रहरी मारिए । जुलाई १७, २००६ मा इलाबोरको सलवा जुडुम शिविरमा आक्रमण गऱ्यो । त्यसमा २० जना मारिए, १५० जना घाइते भए । डिसेम्बर १३, २००६ मा बसागुडा राहत शिविरमा आक्रमण गरेर ३ जना एसपीओ ९क्इएक० हरू र एक प्रहरी जवानको हत्या गरे । मार्च १५, २००७ मा उनीहरूले उल्लिखितमध्ये सबैभन्दा ठूलो आक्रमण गरे । १२० छापामारले छत्तिसगढ प्रहरी ब्यारेकमा परिणत भएको महिला छात्रावासमा आक्रमण गरे जसमा ८० जना प्रहरीहरू थिए । छात्राहरूसमेत बसोबास गरिरहेको रानी मोडिली कन्या आश्रममा पसेर भवनमा कुनै क्षति नपुऱ्याई पीएलएजीले गरेको आक्रमणमा ५५ प्रहरी र एसपीओहरू मारिए ।
- यो आक्रमणले देशलाई नै जऱ्याकजुरुक पाऱ्यो । मानवअधिकारवादी संगठनले माओवादीको हिंसाको मात्र होइन, उनीहरू शिक्षाविरोधी पनि भएको भन्दै भर्त्सना गऱ्यो । तर दण्डकारण्यमा रानी बोडिली आक्रमण ऐतिहासिक साबित भयो । निर्णयहरू युद्धहरू पहाडका अप्ठ्यारा खोचहरूमा लडिएका छन् । खुला बजार अर्थतन्त्रले सोभियत समाजवादलाई आफगानिस्तानको असाध्यै चिसो पहाडमा युद्धमा हरायो । यहीं हेर्नुस् न दन्तेबाडाको जङ्गलबाट भारतमा युद्धको राँको झोसिएको छ । थुप्रैले भारतीय लोकतन्त्रको गहिरिंदो सङ्कट, ठूला निगम घरानाहरू, मुख्य राजनीतिक दलहरू र सुरक्षा संयन्त्रबीचको साँठगाँठका बारेमा पनि बोलिरहेका छन् । तर म सुझाव दिन चाहन्छु । कोही साँच्चै छिटो गरी गाँठी कुरा जान्न चाहन्छ भने दन्तेबाडा गए हुन्छ ।
- माओवादीहरू मात्र त्यस्ता एक्ला शक्ति होइनन्, जसले भारतीय राज्यलाई समाप्त गर्न चाहन्छ । उनीहरूभन्दा पनि पहिले कट्टर हिन्दुवादी र आर्थिक तानाशाहहरूले यो राज्यलाई कयौँपटक ध्वस्त पारिसकेका छन् ।
- हामी अहिले एउटा पङ्क्तिमा हिंडिरहेका छौं । मैले शिविर छोड्नुअघि वरपर हेरें । आगो बालेको ठाउँमा केही खरानीबाहेक सयौं मानिस यो ठाउँमा बसेका थिए भन्ने कुनै चिह्न बाँकी छैन । माओवादी सेना कुनै पनि गान्धीवादीभन्दा बढी गान्धीवादी छ । यसको विनास गर्ने शैली पनि गान्धीवादी छ । उदाहरणका लागि प्रहरीको वाहन जलाउनुअघि वाहनका काम लाग्ने पुर्जा निकाल्छन् ।
- सामूहिक बलात्कार गरेपछि उनीहरूको हत्या गरे । “उनीहरूले मेरा साथीहरूलाई घाँसमा बलात्कार गरे ।” उनी भन्छिन्, “जब सबै काम सकियो, त्यहाँ एउटा पनि घाँस बाँकी थिएन ।” कैयौं वर्ष बितिसकेको छ, नागा बटालियन पनि गइसकेको छ तर प्रहरी अझै आउँछ । उनीहरूलाई जब स्वास्नीमान्छे वा कुखुराको आवश्यकता हुन्छ तब उनीहरू यहाँ आउँछन् ।
- राज्यले उनलाई प्रमुख खतरामध्ये एक मानेको छ । कैयौं धरापहरूको नेतृत्व गरेकाले यति व्यग्रताका साथ उनको खोजी भएको होइन । बरु एउटी आदिवासी महिलाका रूपमा गाउँलेले निकै रुचाएको र युवा पुस्ताको प्रेरणा भएकाले उनको खोजी गरिएको हो । उनी काँधमा एके ४७ भिरेरै बोलिन्, ‘यो बन्दुकको पनि आफ्नै कथा छ । कोबाट, कहिले, कहाँ र कसरी खोसिएको हो हरेक बन्दुकको आफ्नै कथा छ ।)
- सुरुमा जनमुक्ति सेनाका कमरेडहरू काँधमा बन्दुक बोकेर टाढैबाट नर्तकीहरूलाई हेर्छन् । पोखरीमा पौडिरहेका हाँसहरू हेर्दाहेर्दै रहर थाम्न नसकेर डिलका हाँसहरू पनि हाम फालेझैँ ती कमरेडहरू एक एक गरे नाच्न थाल्छन् ।
- कस्तो अचम्म छ, चारु मजुमदारले धेरै पहिला भनेको ‘चीनको बाटो हाम्रो पनि बाटो हो’ भन्ने कुरालाई अहिले नक्सलवादीहरूलाई निर्ममतापूर्वक दमन गरिरहेको भारतीय संस्थापनका वर्तमान जारहरूले आफ्नो भनाइका रूपमा दोहोऱ्याइरहेका छन् । आफ्नी प्रेमिकाप्रति समर्पित कुनै प्रेमीझैँ जनताको मन जित्न उनीहरूको हरआवश्यकताप्रति पार्टीले जब ध्यान दिन्छ, बल्ल यो ‘जनताको पार्टी बन्छ (जस्तो अहिले दण्डकारण्य भन्छ) । यसको सेना जनताको सेना हुन्छ । तर क्रान्तिपछि कति सजिलै यो प्रेमसम्बन्ध तीतो विवाहमा परिणत हुन्छ । कति सजिलै जनताको सेना जनतामाथि नै जाइलाग्छन्, आज दण्डकारण्यमा पार्टी खनिज पदार्थ पहाडभित्रै जोगाइराख्न चाहन्छ तर के भोलि उसको मन ठीक उल्टो फेरिन्न ? भविष्यमा के होला भन्ने पिरलोले आजै हातमा दही जमाएर बस्ने त ?
- जुनसुकै पार्टी सत्तामा आए पनि भारतीय राज्य उच्च जातीय हिन्दु राज्य हो भन्ने बुझ्न गाह्रो छैन, जो अरू धर्म सम्प्रदायप्रति असहिष्णु छ ।
- आउने र जाने कुरालाई यहाँ कहिल्यै पनि हल्का ढङ्गले लिइँदैन किनकि ‘हामी फेरि भेटौंला’ भन्नुको अर्थ ‘हाम्रो भेट फेरि कहिल्यै नहुन सक्छ’ भन्ने सबैलाई थाहा छ ।
- म कमरेड बेनुले भनेको सम्झन्छु । उनले मलाई भनेका थिए, ‘खानीको कारणले मात्रै उनीहरूले हामीलाई सिध्याउन खोजेका होइनन्, बरु यो संसारलाई वैकल्पिक ‘मोडल’ छ भनेर देखाएकामा उनीहरूलाई बिझेको हो ।’
- दिल्ली निकै निर्दयी सहर हो, जसलाई उनीहरूका बारेमा न थाहा छ न वास्ता नै छ । मैले उनीहरूलाई यही भनें ।
- त्यो रातको आकाश, त्यो जंगलको बाटो म मेरो चोरक्तीको उज्यालोमा कमलाको झुत्रे चप्पलमा उसका फुटेका कुर्कुच्चा देख्छु । मलाई थाहा छ, ऊ पक्कै पनि हिँडिरहेको होली । आफ्ना लागि मात्र होइन, हामी सबैको आशाको दियो बालिराख्न, ऊ आफ्ना कदम अघि बढाइरहेकी होली ।

## कविता

### दुई कविता

शोभा दुलाल



#### तन्दा

कसैका अधुरा सपनाहरू
कसैका पूरा सपनाहरू
अनि कसैका विपनाहरू
सबैलाई एउटै टोकरीमा खाँदेर
रुट नमिल्ने कसको छतमा राखेर
ती कसरी पुग्छन् गन्तव्यमा
रातको कालो बर्को ओढेर
निष्पट अन्धकारमा भुस्याहा कुकुरसमेत
निदाउन सक्दैन तर निदाइरहेको थ्यो ऊ
भयानक त्रासद रातमा
राता घोडाहरू सबै मूलबाटो हुँदै
बाबु वेगमा दौडँदै थे बादशाहको घरबारतिर
लगाम कसेपछि रोकिए एकाएक
बिहान नहुँदै सूर्योदय भइसकेको
हौवा पिट्यो रेडियो नेपालमा
ब्युँझेर हेर्दा त आफ्नै बगलमा
घोडाहरूको महान् घोडाको
लास पल्टिरहेको रहेछ ।

#### समानता

चोलोको तुना र
धुजाधुजा भएको उनको चोलो कहाँ
शिरमा शिरफूल नसिउरेर नहिँड्ने
तिम्रो रबाफ कहाँ
उनी अभागी
जन्मिन गरिबको कोख
तिमी भाग्यमानी
जन्मियौँ धनीको कोखमा ।
तिमी उर्वर माटो उनी रुखो पाखो
कहिले हुन्छ र समान दुई किनारको

हो, सपना फुल्ने देखेरै
मैले मल हालेको माटोमा
बिउ पनि रोपेको
तर टुसामै निमोठिनु परेपछि
मेरो फुल्ने रहरहरू
मसँगै सती जान बाध्य पारिए

# घण्टाकर्ण पर्वको मिथक र यथार्थ




हरेक वर्षजस्तै यस वर्ष पनि नेवार समुदायले काठमाडौँ, ललितपुर, भक्तपुरसहित नेवार बहुल क्षेत्रमा साँझपख गथामुग (घण्टाकर्ण) पर्व मनाएका छन् । नेवार समुदायले गथामुगलाई समाजमा दुःख दिने पात्रका रूपमा चित्रण गर्दै दोबाटो चौबाटोमा लगी जलाएर यो पर्व मनाउने गर्दछन् । सर्वसाधारणले गथामुगलाई पिचासको संज्ञा दिन्छन् । गथामुगलाई बच्चाहरू मारेर खाने राक्षसका रूपमा चिनिन्छ ।

परालको गथामुग आकृति जलाएर त्यसको खरानीको टीका बच्चाहरूलाई लगाइदिने र राख नाघ्न लगाउने गरिन्छ । त्यसो गर्दा बालबालिकाको डर हराउने, रुन्चे घट्ने नेपाल रोग (कुपोषण) हट्ने जनविश्वास छ । गथामुग नामको कथित राक्षस स्त्रीलिङ्गी हो कि पुलिङ्गी ? त्यसमा एकरूपता देखिन्न । भक्तपुरमा नारी आकृतिको गथामुग पनि मनाउने चलन भने घट्दै गएको संस्कृतिविद्हरू बताउँछन् । भक्तपुर २, ब्यासीमा पुलिङ्गी र स्त्रीलिङ्गी दुईटै गथामुगलाई एकसाथ जलाउने गरिन्छ । ‘पहिले भक्तपुरका धेरै स्थानमा पुलिङ्गी र स्त्रीलिङ्गी गथामुगसँगसँगै बनाएर दोबोटो चौबाटोमा दहन गरिन्थ्यो । तर अहिले भक्तपुर नपा २ ब्यासीमा मात्रै यसले निरन्तरता पाउँदै आएको छ । “गथामुगलाई बस्तीबाट पर दोबाटो चौबाटोतिर सेलाउन लग्दै गर्दा अनेकौं अश्लील गाली गलौजसमेत गरिन्छ”, संस्कृतिविद् ओमप्रसाद धौभडेल भन्छन् ।

आजभोलि संस्कृतिविद्हरूले गथामुगबारे फरक धारणा राख्न थालेका छन् । यसलाई भैरव र अन्य देवताको प्रतीकका रूपमा हेर्न थालिएको छ । संस्कृतिविद् धौभडेलले घण्टाकर्णको भौतिकवादी व्याख्या गर्न खोजेका छन् । उनले गथामुग अन्य देवीदेवताको नाम सुन्न नचाहने नास्तिक, सुनलाई भन्दा फलामलाई महत्व दिने व्यक्ति र भाग्यमा भन्दा कर्ममा विश्वास गर्ने पात्र’ भनेका छन् । “विशेषगरी देवीदेवताको नाम सुन्नुपर्ला भनी हरहमेसा आफ्ना कानमा ठूलठूला घण्टा झुन्ड्याइराख्ने भएर उनको नाम घण्टाकर्ण भएको हो”, धौभडेलको भनाइ छ । घण्टाकर्णको इतिहास काठमाडौँमा शासन गरेका गोपालवंशी कालको पौराणिक कथा मानिन्छ । नेपाल संवत् ७९२ मा नेपालभाषाको गीतमा छ्वाली (गहुँको नल) को घण्टाकर्ण बनाएर दहन गरेको उल्लेख छ । नेपाल संवत् ८१८ मा भक्तपुर तलेजुस्थित मालतीचोकमा भेटिएको शिलापत्र पनि गथेमुगको प्रसङ्ग उल्लेख छ ।

घण्टाकर्णलाई राक्षस नभएको र एकजना जनपक्षीय तथा भौतिकवादी भएको स्पष्ट धारणा राख्ने विद्वान् भने शशी शेरचन (सोनाम साथी) हुन् । उनको नेतृत्वमा प्रकाशित पर्चामा धर्म र राजाका विरुद्ध उनले विद्रोह गरे । धर्म, ईश्वर, स्वर्ग नभएको र राजा जनविरोधी भएको उनको धारणा थियो । उनी कर्ममा विश्वास गर्थे र मानवसेवा नै धर्म ठान्थे । त्यसैले धार्मिक वचन सुन्न नपरोस् भनेर मन्दिरको बाटो हिँड्दा घण्टा बजाएर हिँड्ने गर्थे । त्यसको प्रभाव जनतामा पर्न थालेपछि तत्कालीन शासकहरूले उनको हत्या गरे । त्यसपछि उनको विद्रुपीकरण सुरु गरियो । राक्षसको रूपमा पर्व मनाउन थालियो । ‘नेपाले रोग’ भनेर चिनिने कुपोषणका कारण हुने ‘रुन्चे रोग’ लाई समेत यसैसँग जोड्ने चलन धेरैपछि आएको हो । हिन्दु बहुल क्षेत्रमा रावणलाई विद्रूपीकण गरेझैँ नेपाल खाल्डोमा घण्टाकर्णको विद्रूपीकरण गरियो । त्यसप्रकारको जनविरोधी र झूठो सन्दर्भलाई विद्वान् सोनाम साथीले उल्टाउनुभयो ।

२०४८ सालमा नेकपा (एकताकेन्द्र), नेकपा (एमाले) सहितको सर्वदलीय बैठक थियो । साउनको महिनामा संयुक्त आन्दोलन चलिरहेको थियो । नेपाली कांग्रेसलाई घण्टाकर्णका रूपमा चित्रण गर्नुपर्ने प्रस्ताव नेकपा (एमाले) बाट हुनासाथ तत्कालीन नेकपा (एकताकेन्द्रं) का तर्फबाट वार्तामा सहभागी सोनाम साथीले घण्टाकर्ण राक्षस नभएको धारणा राखे । मुख हेराहेर भयो, नेकपा (एमाले) का नेता कृष्णगोपाल श्रेष्ठले “हामी पनि घण्टाकर्णलाई कहाँ राक्षस मान्छौं र ? जनताले राक्षसका रूपमा मनाउने भएको हुनाले आन्दोलनमा उपयोग गरौं भनेको हो”, हतारहतार भनेका थिए ।

विचार आगोको फिलिङ्गो हो जुन बाहिर आउनासाथ भौतिक शक्तिमा परिणत हुन्छ । घण्टाकर्णका विषयमा शासक वर्गद्वारा हजारौं वर्षदेखि संस्कारका रूपमा स्थापित गरिएको घण्टाकर्णको वास्तविकता प्रकट भएको छ । यसप्रकारको अध्ययनले श्रमिक वर्गलाई विगतको बलिदानलाई वर्तमानका प्रतिरोध आन्दोलनसँग जोड्न ठूलो भूमिका निर्वाह गर्छन् । हामी पनि गथामुग (घण्टाकर्ण) पर्वका विषयमा आगामी वर्षदेखि नयाँ ढङ्गले सोच्ने कि ?

## स्टालिनलाई रुसी ...



तर अहिले यसलाई रुसी कलाको गौरवपूर्ण नमुनाका रूपमा लिइएको छ। यात्राविवरण दिने एक अमेरिकी कम्पनी ट्रिप एड्भाइजरको एक प्रयोगकर्ताको शब्दमा "सुरुङभित्र पसेपछि आकस्मिक खतराको भावनालाई पुनः सिर्जना गर्नको निम्ति बालिएको टल्कने रातो बत्ती र चेतावनीयुक्त आवाज अत्यन्त प्रिय लाग्यो।"

सुरुङ संग्रहालयको अर्को एउटा कुराले ख्रुस्चेबालाई ठेस पुऱ्यायो । त्यो के भने जसको निम्ति यो सुरुङ बनाइयो उसप्रति मानिसमा अचम्मको सकारात्मक दृष्टिकोण रहेछ। मन्हाटन (अमेरिका) को सामाजिक शोधसम्बन्धी नयाँ विद्यालयमा पढाउने ख्रुस्चेबाले मस्कोमा आएर भनिन्, "नरसंहार गरेर पनि नायक ब□ व्यक्ति प्रभावशाली हुँदै थियो। उसले मलाईसमेत प्रभाव पाऱ्यो।"

सोभियत सङ्घमा हुर्केबढेका हामीलाई यो कुराले त्यतिकै अचम्मित बनाइरहेको छ, जस्तो कि धेरै अमेरिकी जनता डोनाल्ड ट्रम्पको निर्वाचनबाट अचम्मित छन्। आलोचकहरूका निम्ति अमेरिकामा अप्ठ्यारो परिस्थिति सिर्जना भएको छ भने रुसमा स्वेच्छाचारिता बढ्दै गएर झन् अप्ठ्यारो भएको छ । जति मूर्ख भए पनि ट्रम्पले श्रमशिविरचाहिँ अहिलेसम्म खोलेको छैन।

स्टालिनप्रतिको सम्मान समाराको सुरुङमा भन्दा पनि धेरै विस्तार भएको छ । भ्लादिमिर पुटिनले स्टालिनलाई रुसमा अस्वाभाविक रूपले पुनर्जीवित गर्दैछन् । स्टालिनले गरेका अपराधहरूलाई बिर्सेर उनले दोस्रो विश्वयुद्धमा सेनाप्रमुख भएर निर्वाह गरेको भूमिकालाई महान् बताएर बढाइचढाइ गरिएको छ। यसको पछाडि स्टालिनलाई पुनर्स्थापित गर्ने पुटिनको विशेष योजना रहेको छ, जसलाई आलोचकहरूले खतरनाक स्टालिनवादी प्रवृत्ति भनेर आलोचना गरेका छन्।

यी दुई शक्तिशाली व्यक्तिहरूको भाग्य अन्योन्याश्रित तवरले जोडिन पुगेको सन्दर्भमा 'लवादा केन्द्र' नाम गरेको रुसको एउटा विश्वासिलो गैरसरकारी संस्थाले १६०० रुसीहरूमा एउटा नयाँ मत सर्वेक्षण गरेको थियो । त्यसमा स्टालिनलाई विश्वइतिहासमा नै सबैभन्दा महत्वपूर्ण व्यक्ति मानिएको छ र पुटिन रुसी कवि अलेक्सान्द्र पुस्किनसँग बराबरीमा आएकाले दोस्रो महत्वपूर्ण व्यक्ति भएका छन्। यो वर्षको सुरुमा 'लवादा केन्द्र' ले गरेको अर्को मत सर्वेक्षणले ४६ प्रतिशत रुसी जनताले स्टालिनलाई अनुमोदन गरेको देखायो। यो समर्थन पुटिन सत्तामा आएपछि विगत १६ वर्षको अवधिकै सबैभन्दा उच्च हो । यी प्रवृत्तिहरू यद्यपि नयाँ थिएनन् तर यसले यो वर्षभरि नै चिन्ताग्रस्त बनाएको छ किनकि रुस पश्चिमाहरूप्रति असहिष्णु हुँदैछ र आणविक युद्ध अब चलचित्रका विषय मात्र रहेनन् । त्यसमा पनि स्टालिनको शक्ति, निर्ममता, राष्ट्रवाद, सैन्यवादमा गर्व गर्ने पुटिन प्रवृत्तिले नै ट्रम्पको पुटिनमोहलाई मलजल गर्दैछ।

पुटिनको अनुपस्थितिमा स्टालिनको पुनरागमन असम्भवप्रायः छ । उनको 'नियोजित प्रजातन्त्र', लेखिका गेसेनको शब्दमा "पुरानो तानाशाही" शासन प्रणालीमा फेरिएको छ । स्टालिनको रक्तरञ्जित अतिवादलाई बिर्सेर उनलाई पुनर्स्थापित गरिँदैछ। लेखिकाका अनुसार 'राज्यआतङ्कको गलत प्रयोगबाट पुटिनले तानाशाही समाजको पुनरुत्पादन गरेका छन्, जसले मानिसलाई तानाशाही सामाजिक संरचना सञ्चालन गर्ने आधार तयार भएको कुराको सम्झना गराएको छ।'

२००९ मा मस्कोको केन्द्र भागमा रहेको कुर्सकाया नामको व्यस्त स्टेसनमा स्टालिनका वाणीहरू लेखिएको कुरालाई ख्रुस्चेबाले इङ्गित गर्दै भनेकी छन्, त्यहाँ यस्ता अनेकौँ लक्षणहरू देखिएको थियो । अमेरिकी प्रकाशन ब्लुमबर्गले २०१३ मा भनेअनुसार रुसमा माध्यमिक विद्यालयको इतिहासको पाठ्यक्रमको नयाँ निर्देशिकाले, "स्टालिनको शासनलाई सन्तुलित ढङ्गले देखाउन खोजेको छ । उनीहरूले स्टालिनलाई रुसमा आधुनिकीकरण गर्ने व्यक्ति भनेका छन्, जसले रुसमा औद्योगीकरणलाई द्रुत गति प्रदान गऱ्यो, सोभियत सङ्घमा वैज्ञानिक उपलब्धि हासिल गर्ने आधार तयार पाऱ्यो र दोस्रो विश्वयुद्धमा रुसलाई विजयी बनायो", यद्यपि उनीहरूले त्यहाँ स्टालिनले गरेको "आम छट्नी" को कुरा र उनी "अनिवार्य श्रम" मा विश्वास राख्ने व्यक्ति हुन् भनेर पनि उल्लेख गरेका छन्।

गत महिना 'कुताफिनमस्को स्टेट ल युनिभर्सिटी' ले स्टालिनको सम्मानमा कुँदिएको भित्ते-पट्टिलाई पुनर्स्थापित गरिएको कुरा गऱ्यो, जसलाई १९५६ मा ख्रुस्चेबले स्टालिनको निन्दा गरेको केही समयपछि हटाइएको थियो । हेनरी रेजनिक नामका एक प्राध्यापकले उक्त कार्यको विरोधमा स्टालिनलाई, 'कानुनलाई चिहानमा गाड्ने व्यक्ति' भनेर आरोप लगाउँदै आफ्नो पदबाट राजीनामा दिए।

इतिहास बदल्ने यो काम १९३० को दशकको छट्नी र हिरासतमागरिने सोधपुछलाई सम्झने रुसका पुराना पुस्ताका मान्छेहरू मरेर गएकाले सजिलो भयो । सञ्चारका साधन स्वतन्त्र नभइदिनाले गर्दा पुराना कुरालाई फूलबुट्टा भरेर सत्य बनाउन खोज्ने क्रेमलिनलाई रोक्ने प्रयत्न गर्न सकिएको छैन।

अमेरिकाको नर्थ वेस्टर्न युनिभर्सिटीका एक रुसी विद्वान् गेरी साउलमोरासनले मलाई भने, 'रुसीहरूले आफ्नो राष्ट्रिय गौरवलाई दिने गरेको विशाल महत्वलाई अमेरिकीहरू बुझ्दैनन् ।' उनी भन्छन्, 'हाम्रो निम्ति रुसको विशेष महत्व छ। व्यक्ति जन्मन्छ र मर्छ तर रुस रहिरहन्छ।' १९९० को दशकमा बोरिस येल्तसिनले प्रजातन्त्रलाई अव्यवस्थित तवरले हुर्काउने काम गरे । राष्ट्रिय महानताका नाममा यो उपयोगितावादी विशृत लित फड्को थियो, जसले सोभियत सङ्घप्रतिको मोहलाई बढाउने काम गऱ्यो। त्यसैले पुटिनले पुरानै रुसी मातृभूमिको पुनरागमन गराउने संकेत गरेका छन्।

रुसी जनताको प्रजातन्त्रसँगको रतिक्रीडा एक दशकभन्दा पनि कममा सीमित रह्यो । तुलनात्मक रूपमा पुटिनको युवाजोश देख्दा तत्कालका लागिप्रजातन्त्रका तीदिन फेरि आउने सम्भावना देखिँदैन । पुटिनले समलिङ्गीहरू, उदारवादीहरू र विदेशीहरूमाथि गर्ने प्रहारले मलाई झस्काइरहने हुँदा मैले प्रजातान्त्रिक रुसको सपना सुदूर भविष्यको विषय देखेर मोर्सनलाई सोधें,

'के रुसमा प्रजातन्त्र सम्भव छ ?'

मोर्सनले एकछिन घोरिएर भने, 'म यो प्रश्नको जबाफ दिन असमर्थ छु।'

रुसी जनता अरू देशमा जस्तै प्रजातन्त्र ल्याउन सक्षम हुन सक्लान् तर विगत दुई दशकदेखिको घिनलाग्दो तानाशाही शासनले गर्दा जनता सन्त्रस्त छन् र आर्थिक पुनरुत्थानको भ्रमपूर्ण सोचाइले गर्दा त्यहाँ शान्ति छाएको देखिन्छ । उनीहरू अझै पनि इतिहासले सिकाएको असजिलो तर बच्न नसकिने पाठलाई बिर्सेर फेरि पनि क्रेमलिनको शक्तिमा विश्वास गरिरहेका छन्।

**अनुवाद : रमेश शर्मा**

स्रोत: http://www.newsweek.com/2017/07/21/why-russia-still-loves-stalin-633086.html, यसको शीर्षक हामीले दिएका हौं।)

## गगन खड्का ...

सचेत रहन सिङ्गो पार्टीपंक्ति, इमानदार माओवादीहरू, कम्युनिस्ट क्रान्तिकारीहरू, देशभक्त शक्तिहरू र आम जनसमुदायमा पार्टी विशेष अपिल गर्दछ। २) ०५२ सालमा सुरु गरिएको नेपाली क्रान्तिको राजनीतिक लक्ष्य र जनयुद्धको निर्णायक प्रक्रियाबाट ०६३ सालपछि देशदुनियाँले बुझ्ने र देख्ने गरी प्रचण्ड विचलित भए। "मन्द विष□ को रणनीतिमा नेपाली जनयुद्ध, त्यसका १० वर्षका महान् उपलब्धि र माओवादी पार्टीलाई ध्वंस गरे । प्रचण्डको दलाल पुँजीपति वर्गको सत्ता र संसदीय प्रतिक्रियावादी व्यवस्थामा पतनका विरुद्ध सङ्घर्ष गर्नु सच्चा माओवादी नेता तथा कार्यकर्ताको दायित्व र क्रान्तिको ऐतिहासिक जिम्मेवारी हुन आउँथ्यो। यो महान् तर असाध्यै जटिल कार्यलाई क. किरणको नेतृत्वमा क. विप्लवलगायतको नेतृत्वको टिमले पूरा गऱ्यो र माओवादी पार्टीको क्रान्तिकारी पुनर्गठन गऱ्यो । पुनर्गठनको प्रक्रियामा क.किरण हुँदै क.विप्लवको नेतृत्वमा माओवादी पार्टी र आन्दोलनलाई पुनर्गठन गरियो। क.विप्लवको नेतृत्वमा पार्टी पुनर्गठन भैसकेपछि क्रान्तिकारी पार्टी निर्माणका रूपमा नेपाल कम्युनिस्ट पार्टी बनेको छ। अबको नेपाली क्रान्तिलाई पूरा गर्ने सवालमा अहिलेको विश्व र नेपाली समाजलाई दृष्टिगत गरी राजनीतिक कार्यक्रमका रूपमा वैज्ञानिक समाजवाद र त्यसलाई प्राप्त गर्ने कार्यदिशाको रूपमा 'एकृकीत जनक्रान्ति' संश्लेषण गरेर ०७१ साल मंसिर र पुसबाट नेपाली क्रान्तिलाई अगाडि बढाइराखेको छ। आजका मितिसम्म हाम्रो पार्टी एक मात्र क्रान्तिकारी पार्टी, क्रान्तिलाई केन्द्रमा राखेर राष्ट्र र नेपाली श्रमजीवी जनताको मुद्दालाई अगाडि सारेर सम्झौताहीन सङ्घर्षरत पार्टी र क्रान्ति एवम् परिवर्तन चाहने नेपाली जनता र विश्वका श्रमजीवी जनताले विकल्पका रूपमा देखेको र आशा एवम् विश्वास गरेको पार्टीका रूपमा स्थापित छ। यो पार्टी र नेतृत्वलाई प्रचण्ड एवम् किरणसँगको सम्बन्धविच्छेदको औचित्य पुष्टि गर्न नसकेको, वैचारिक अस्पष्ट र राजनीतिक अकर्मण्यताको आरोप लगाउनु जीवनको ठूलो दृष्टिभ्रम, वैचारिक विचलन र दलाल संसदीय राजनीतिको पुच्छरवादबाहेक अरू केही नभएको पुष्टि हुन्छ। यसलाई कुनै पनि कुतर्कले छोप्न सकिने अवस्थाको अन्त्य भैसकेको छ । ३) हाम्रो पार्टी मार्क्सवाद-लेनिनवाद-माओवाद पथप्रदर्शक विचार भएको पार्टी हो। यो पार्टी सर्वहारा क्रान्तिका २० औं शताब्दीका क्रान्ति एवम् प्रतिक्रान्तिका सकारात्मक र नकारात्मक अनुभव, २१ औं शताब्दीको सर्वहारा क्रान्तिका निम्ति विचारधारात्मक विकासको आवश्यकता र २१ औं शताब्दीको विश्वका विशेषताहरूलाई गम्भीरताकासाथ दृष्टिगत गरी अबको नेपाली क्रान्तिको राजनीतिक कार्यक्रम 'वैज्ञानिक समाजवाद' र क्रान्तिको कार्यदिशा 'एकीकृत जनक्रान्ति' विकास गरेर क्रान्ति अगाडि बढाइराखेको पार्टी हो। यसलाई मार्क्सवादका आधारभूत सिद्धान्तबाट विचलित भएको, राजनीतिक कार्यदिशा अस्पष्ट भएको देख्ने जीवनको वैचारिक दृष्टिले जडसूत्रवादी र राजनीतिक दृष्टिले दक्षिणपन्थी संसद्वादी प्रवृत्ति दयालाग्दो रूपमा उदाङ्गो हुन्छ। यो चिन्तन र प्रवृत्तिको राजनीतिक यात्रा दलाल संसद्वादबाहेक अर्कोतिर हुने देखिँदैन । ४) क्रान्तिका निम्ति क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण अनिवार्य सर्त हो । कम्युनिस्ट पार्टीलाई दार्शनिक र राजनीतिक रूपले बुझ्ने र लागू गर्ने सवालमा २० औं शताब्दी र नेपाली माओवादी आन्दोलनमा विगतमा गम्भीर त्रुटि रहँदै आएका छन्। त्यसलाई निर्ममतापूर्वक सामाजिक क्रान्तिको विज्ञानको बलमा सच्याउनु र विकास गर्नु अहिलेका कम्युनिस्ट क्रान्तिकारी र कम्युनिस्ट पार्टीको जोखिमपूर्ण कार्यभार हो। सर्वहारा वर्गको यो कार्यभारलाई दृष्टिगत गरी हाम्रो पार्टी र नेतृत्वले ऐतिहासिक आठौं महाधिवेशनबाट साहसका साथ कम्युनिस्ट पार्टीसम्बन्धी दर्शन र राजनीतिमा विकास गऱ्यो र भन्यो, कम्युनिस्ट पार्टी एउटा वस्तु हो, वस्तु हुनुले यसमा सकारात्मक र नकारात्मक तत्व हुन्छ। त्यो भनेको मार्क्सवादी विचार र गैरमार्क्सवादी विचार हुन्छ । मार्क्सवादले संशोधनवादका विरुद्ध गर्ने सङ्घर्ष दुईटा विचारबीचको सङ्घर्ष हो र मार्क्सवादी विचारले संशोधनवादी विचारका विरुद्ध गर्ने सङ्घर्षमा गैरमार्क्सवादी विचारलाई बदल्ने वा संशोधनवादलाई निल्ने विधिमा कम्युनिस्ट पार्टीको जीवन हुन्छ भन्ने मान्यता अगाडि साऱ्यो। कम्युनिस्ट पार्टीसम्बन्धी दर्शन राजनीति लाइन र सङ्घर्षमा आफ्नो नियमअनुसार लागु हुन्छ। क्रान्तिकारी र दक्षिणपन्थी राजनीतिक लाइनको बीचमा एकत्व कम्युनिस्ट पार्टीको राजनीतिक लाइन सङ्घर्षमा गलत हुन्छ। राजनीतिक लाइन सङ्घर्षमा क्रान्तिकारी लाइनले दक्षिणपन्थी लाइनलाई कि त रूपान्तरण गर्नुपर्छ कि निल्नुपर्छ भन्ने मान्यता विकास गऱ्यो। यो अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा भएका त्रुटि र नेपाली कम्युनिस्ट आन्दोलनमा प्रचण्ड बाबुरामले चुनबाङ बैठकबाट विपरीत राजनीतिक लाइनको एकत्व कम्युनिस्ट पार्टीको राजनीतिक जीवन भनी गरेको सारसंग्रहवादी संश्लेषणले पार्टीलाई दलाल पुँजीपति वर्गको पार्टी र राजनीतिमा दलाल संसदीय राजनीतिमा पतन गरायो। हाम्रो पार्टीले उपरोक्त संश्लेषण सच्याउने हिक्मत गऱ्यो। यसलाई कम्युनिस्ट पार्टी निर्माणमा समस्या देख्नु जीवनको बुर्जुवा विसर्जनवाद नै हो। ५) हाम्रो पार्टी उत्तरसाम्राज्यवाद र भारतीय साम्राज्यवादको हस्तक्षेप एवम् अतिक्रमणबाट नेपाल राष्ट्रको मुक्ति र दलाल पुँजीपति वर्गको सत्ता एवम् त्यसको संसदीय व्यवस्थाको अन्त्य गरी नेपाली श्रमजीवी जनताको राज्यसत्ता र वैज्ञानिक समाजवादी व्यवस्था स्थापनाको सुस्पष्ट राजनीतिक लक्ष्यसहित राष्ट्रघात र जनघातविरुद्धको सङ्घर्षको कार्यनीति अगाडि सारेर सङ्घर्ष गरिराखेको छ । यसलाई रणनीतिबाट अलगथलग देख्ने, मौसमी सङ्घर्ष देख्ने र पूर्वाग्रह साट्ने वा अर्थ संकलनका साधन मात्र देख्ने जीवनको आत्मसुरक्षावादको पराकाष्ठा र विचलित भएका माओवादीहरूले भ्रष्टाचार एवम् कमिसनको खोलो गरी करोडौं अर्बौं, कमाए मैले कमाउन पाइनँ भन्ने हीनताग्रस्त न्यून पुँजीवादी अराजक चरित्रबाहेक अरू हुन सक्दैन। यो बीचमा उहाँ कमाउ धन्दामा लागेको र उहाँविरुद्ध पार्टीमा उजुरी पनि पर्नुले यो कुरालाई पुष्टि गर्दछ । ६) नेपाली जनयुद्धको एउटा महत्वपूर्ण राजनीतिक उपलब्धि राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना तथा त्योसँग सम्बन्धित उपलब्धिहरू हुन । प्रचण्ड नेतृत्वको माओवादी पार्टी क्रान्तिबाट विचलित भएर दलाल संसद्वादी भैसकेपछि यो गणतन्त्र माओवादी क्रान्तिकारीहरूले समाजवादी क्रान्ति सम्पन्न गर्ने क्रान्तिकारी हतियार बनाउन सक्ने अवस्थाको वस्तुतः अन्त्य भएर दलाल संसदीय व्यवस्था र प्रचण्डलगायत दलाल संसद्वादी नेताहरूको क्रान्ति र क्रान्तिकारी पार्टीमाथि हमला गर्ने हतियार बन्न पुगेको छ। यसको रक्षाका नाममा संस्थागत गर्न खोज्ने जीवनको प्रवृत्ति दलाल संसद्वादी नै हुन आउँछ। क्रान्तिका उपलब्धिहरूको रक्षा क्रान्ति अगाडि बढाएर र क्रान्ति सम्पन्न गरेर मात्र हुन्छ, दलाल संसद्वादसँग सती गएर होइन। ७) गगनबहादुर खड्का (जीवन) लाई हाम्रो पार्टी र नेतृत्वले दुई लाइन सङ्घर्ष र वर्गसङ्घर्षका जटिल मोर्चाहरूमा उहाँमा देखिने धर्मराहट, अकर्मण्यता, निराशा, पलायन, सुधारवाद, आत्मसुरक्षावाद र वर्गसङ्घर्षमा गम्भीर प्रकृतिको गल्ती गर्दा पनि मद्दत गर्दै र सहयोग गर्दै आएको हो। बडो विडम्बना, 'विरालोलाई राडीले छोप्दा पनि म्याउँ गर्छ' भनेझैं अहिले पार्टी, नेतृत्व, विचार, पार्टी लाइन र पार्टीका क्रान्तिकारी सङ्घर्षका गतिविधिलाई संगीन आरोप लगाएर पार्टी त्याग गरेको वक्तव्यबाजी गर्नुभयो। क्रान्ति र प्रतिक्रान्तिको टक्करका रूपमा क्रान्तिकारी ध्रुवीकरण अगाडि बढिरहेको बेला जीवनको यो वक्तव्य क्रान्तिकारी ध्रुवीकरणका विरुद्ध प्रतिक्रियावादी षड्यन्त्रका रूपमा आएको छ । यो हाम्रो पार्टी र क्रान्तिलाई सह्य हुने विषय किमार्थ हैन। उहाँमा देखिएको दक्षिणपन्थी रुझान, अराजकता र निष्क्रियताका कारण पार्टीले उहाँलाई चुनाव खारेजी अभियानपूर्व नै ब्युरो इन्चार्जको जिम्मेवारीबाट हटाई अर्को ब्युरो इन्चार्ज खटाइसकेको थियो । समस्याको यही प्रकृतिलाई दृष्टिगत गरी भर्खरै सम्पन्न हाम्रो पार्टीको आठौं केन्द्रीय समितिको चौथो पूर्ण बैठकले पार्टी सदस्यता मात्र रहने गरी केन्द्रीय सदस्यको जिम्मेवारीबाट हटाइसकेको थियो। आजका मितिबाट उहाँलाई नेपाल कम्युनिस्ट पार्टीबाट निष्कासन गरिएको छ । दलाल पुँजीपति वर्गको सत्ता र संसद्वादी पार्टीको मतियार बनेर हाम्रो पार्टी र क्रान्तिका विरुद्ध उहाँले गड्बडी गर्ने दुस्साहस गर्नुभयो भने त्यो पार्टीलाई कुनै पनि मूल्यमा सह्य नहुने कुरासमेत पार्टी स्पष्ट गर्न चाहन्छ।

## राजनीतिक छलाङ ...

कसरी अगाडि बढ्न सकिन्छ भन्ने लक्ष्य र योजनाका साथ नेकपा अघि बढिरहेको पनि उहाँको भनाइ छ । सिङ्गो राज्यसंयन्त्र एकातिर र आफ्नो पार्टी अर्कोतिर रहेको अवस्थामा प्रतिक्रियावादीहरूका विश्लेषणहरूलाई गलत साबित गर्दै आफ्नो पार्टी नयाँ क्रान्तिकारी शक्तिका रूपमा स्थापित हुन पुगेको पनि महासचिव विप्लवले बताउनुभएकोछ।

संसारमै असफल भइसकेको संसदीय व्यवस्था ब्युँताउन गरिएको स्थानीय निकायको चुनाव अवैधानिक भन्दै नेकपा यसको बहिष्कार र खारेजी अभियानमा सहभागी भएपछि संसद्वादी वृत्तमा निकै ठूलो हल्लाखल्ला मच्चिएको थियो। नेकपाबाट आतङ्कित भएको सरकारले उसका सामान्य राजनीतिक कार्यक्रमहरूमा पनि निगरानी बढायो । अब नेकपाले कस्तो खालको कार्यक्रम अगाडि ल्याउँछ भन्ने सबैको प्रतीक्षाको विषय बनिरहेको बेला पार्टीका नेता-कार्यकर्ताहरूमा मालेमाका आधारभूत सिद्धान्तदेखि सौन्दर्यशास्त्र र विकसित विज्ञान-प्रविधिबारे दीक्षित गराउन व्यवस्थित खालको स्कुलिङ र प्रशिक्षण सञ्चालन गर्न लागेको हो । सिङ्गो देशलाई दुई कमान्डमा विभाजन गरी प्रत्येक ब्युरो र जिल्ला तहसम्ममा राजनीतिक वैचारिक प्रशिक्षण चलाइने जानकारी नेकपाले दिएको छ । पार्टी-सङ्गठनलाई सुदृढ गर्ने सिलसिलामा पार्टीको हितविपरीत काम गर्ने नेता-कार्यकर्ताहरूलाई निर्मम ढङ्गले कारबाही गर्ने प्रक्रिया नेकपाले अघि बढाएको छ। पार्टीको खोलमा आर्थिक चलखेल गर्ने, नीतिविपरीतका अन्य कार्यहरू गर्ने र क्रान्तिलाई धोका दिने साथीहरूका विषयमा पनि गम्भीर रूपमा छलफल र आवश्यक निर्णय लिइने पार्टीका एक केन्द्रीय नेताले बताए।

चितवनको भरतपुरमा यही साउन २३ र २४ गते सम्पन्न उक्त केन्द्रीय वैचारिक-राजनीतिक प्रशिक्षणमा नेकपाका स्थायी समिति सदस्य एवम् प्रवक्ता खड्कबहादुर विश्वकर्मा 'प्रकाण्ड', अर्का स्थायी समिति सदस्य तथा स्कुलिङ विभाग प्रमुख हेमन्तप्रकाश ओली 'सुदर्शन', सन्तोष बुढामगर, सल्लाहकार समितिका अध्यक्ष ईश्वरीप्रसाद दाहाल 'असारे काका', र सचिव पवन आलेलगायतको उपस्थिति थियो।

## केन्द्रीय प्रशिक्षणमा ...

अनुसार नेपाली कांग्रेस र नेकपा (माके) बाट मकवानपुरमा २ सय युवा नेकपामा हालै प्रवेश गरेका छन्। उता रोल्पामा प्रजिअ र प्रहरी प्रमुखले नै रोल्पा जिल्लामा चुनावको विरुद्धमा शान्तिपूर्ण कार्यक्रमसमेत निषेध गर्न गृह मन्त्रालयको निर्देशन आएको खुलासा गरेका थिए । त्यसो हुँदाहुँदै पनि जलजला सांस्कृतिक परिवारले रोल्पाका १५ स्थानमा बृहत् सांस्कृतिक जागरण कार्यक्रम सम्पन्न गरेको र त्यसक्रममा १७ जना कलाकार गिरफ्तार गरिएको रोल्पा सेक्रेटरी जागृतिले दिएका थिए। त्यसैगरी मतपत्रमा आगो लगाएको आरोपमा एकजना सहिद परिवारका सदस्यलाई चुनाव सकिएपछि गिरफ्तार गरिएको थियो । त्यसअघि नै ३ जना केन्द्रीय नेतासहित दर्जनभन्दा बढी प्यूठानबाट गिरफ्तार भैसकेका थिए।

जिल्लाको प्रतिवेदन प्रस्तुति बिम्बात्मक थियो । त्यो मञ्चमा झाँकी जस्तो भान हुन्थ्यो । हिमाल, पहाड, तराई र प्रवास एकै स्थानमा अन्तरघुलित भएका थिए। मध्यतराईका प्रतिनिधिहरूले जयगोविन्द शाह, रामवृक्ष यादव, ऋषि देवकोटा आजादलगायत अग्रजहरूको बारम्बार स्मरण गर्दा कार्यक्रम कक्ष भावुक बनेको थियो। रोचक प्रसङ्ग के थियो भने २०३४ सालमा मध्यतराईमा 'भकारी फोर' आन्दोलनका नेताहरू ईश्वरी दाहाल 'असारे' र चित्रबहादुर आले मञ्चासीन थिए । ब्रसेल्सदेखि दिल्ली हुँदै काठमाडौंसम्म नेकपा (माके) सहित विभिन्न समूहबाट नेकपा प्रवेशको लहर चलेको बताइएको थियो। भदौ २५ गते नेकपाले काठमाडौंमा केन्द्रीय स्तरबाट नै प्रवेश गराउने निर्णय गरिसकेको छ। जसमा माओवादी केन्द्रका दर्जनौं नेता नेकपामा ध्रुवीकृत हुनेछन्।

चुनाव परिणाम, पार्टीको प्रभाव, संसदीय दलहरूको स्थिति, पार्टी जीवनका समस्या र जनमनोविज्ञानमा केन्द्रित रहेर सहभागीले धारणा राखेका थिए । प्रशिक्षणका क्रममा 'प्रचण्ड र बाबुरामलाई आत्मसमर्पण गराएर क्रान्ति रोक्न सकिन्छ भन्ने सोचाइमा देशी-विदेशी प्रतिक्रियावादीहरू थिए । हामीले त्यसलाई पराजित गऱ्यौं । नेकपा (एमाले) र नेपाली कांग्रेसको नेतृत्वमा क्रान्तिलाई कुल्चने प्रयास भएको थियो। आज जनयुद्धको रगत सुक्न नपाउँदै प्रचण्ड र देउवाले सहिदको रगत कुल्चने धृष्टता गरेका छन् । हामीले त्यसको प्रतिकार गर्नुपर्छ', महासचिव विप्लवले भन्नुभएको थियो। संसदीय व्यवस्थाले कथित नयाँ र एकीकृत कर नीतिका नाममा देशभरि राहत होइन, अहत दिएको कारण जनतामा असन्तुष्टि बढ्दै गएको विश्लेषण गरिएको थियो । जनतामा चुनाव सकिएको थोरै समयमा नै नेकपाको चुनावसम्बन्धी धारणाको पक्षमा जनमत बढ्दै गएको आँकलन पनि गरिएको थियो । केन्द्रीय प्रशिक्षण कार्यक्रमले पार्टी नीति र समसामयिक राजनीतिको बुझाइमा एकरूपता ल्याउन र पार्टी पङ्क्तिलाई ऊर्जाशील बनाउन महत्वपूर्ण भूमिका खेलेको सहभागीहरूले बताएका छन्।



नियमित

# दोरम्बा, ललिका र मिस जिन


अशोक सुवेदी

यो साउन ३२ गते १५ औं दोरम्बा हत्याकाण्ड स्मृति दिवस मनाइँदैछ । २०६० साल साउन ३२ गते रामेछापको दोरम्बामा तत्कालीन शाही अमेरिकी सेनाले रामेछाप जनसरकार प्रमुख पुष्प, अम्बिका दाहाल ललिका, उमा कार्की सहारा, विष्णुमाया थापामगर बिमा, विमला, उषा, रक्तिम, हर्कबहादुर तामाङ यथार्थ, रवि चौहान समीर, श्याम तामाङ इन्क्लाब, पदमराज गिरी असल, ठूलोराम तामाङ छोक्पा, सानोराम तामाङ तारा, लक्ष्मण तामाङ छाया, जमिन, सोम, युवराज मोक्तान, लीला मोक्तान, टेकबहादुर थापामगर विवेक, चतुर्मान थामी समरसहित २१ जनाको बर्बरतापूर्वक हत्या गरेको थियो । महान् जनयुद्धको अभीष्ट पूरा गर्ने लक्ष्यका साथ उहाँहरुले अन्तिम समयसम्म आफूहरु बलिदान दिएर पनि जनयुद्धलाई धोका नदिने निष्कर्षमा पुग्नुभयो । उहाँहरु हाम्रा आदर्श हुनुहुन्छ । जीवनको भिक मागेको भए उहाँहरुले व्यक्तिगत जीवन बाँच्न पाउने सम्भवना थियो तर उहाँहरुले वर्गसंघर्षका सामु त्यसलाई त्यागिदिनुभयो र महान् बन्नुभयो ।

सन्दर्भ दोरम्बा हत्याकाण्ड स्मृति दिवसको हो र महान् यात्रामा लामबद्ध बनेका सहिदहरुसँगै जनगणतन्त्र कोरिया यात्राका क्रममा इन्टरप्रेटरका रुपमा फेलापरेकी मिस पाक जिन हुईको समाजवादी व्यवस्था कोरियाको रक्षा र विकासमा देखाएको प्रतिबद्धताको हो । यता हजारौं ललिका, उषा, बिमा र विमलाहरुले देश र जनताको मुक्तिका लागि, आफ्नो वर्गको उन्मुक्तिका लागि अन्तिम समयसम्म लडे र दुस्मनका सामु हाँसीहाँसी बलिदान गरेर दुस्मनलाई झुकाए । उता समाजवादी कोरियाका मिस जिनहरु उत्तरसाम्राज्यवाद र सबैखाले वर्गवैरीहरुलाई समाप्त पारेर समाजवादलाई साम्यवादसम्म पुर्‍याउन निरन्तर लडिरहेका छन् । नेपाली वीरांगनाहरुको स्मृति गर्दै कोरिया यात्राका क्रममा भेटिएकी मिस जिनका क्रियाकलापहरुबारे चर्चा गर्ने जमर्को गरिएको छ ।

जनवादी गणतन्त्र कोरियाको प्योङ्याङ अन्तर्राष्ट्रिय एयरपोर्टमा एउटी किशोरी आई हाम्रा अघिल्तिर र भनी, 'तपाईंहरू नेपालबाट आउनुभएका लेखक/पत्रकारहरू हैन त ?' उसले अघि भनी 'र तपाईं यस टोलीका नेता अशोक सुवेदी अर्थात् मिस्टर अशोक । तपाईंहरूलाई कस्तो छ ? कसरी आइपुग्नुभयो ? कुनै गाह्रो त भएन नि ? बाई द वे, म पार्क जिन हुई हुँ, प्योङ्याङ युनिभर्सिटीमा फरेन स्टडी विषयमा मास्टर डिग्री अध्ययन गर्दै गरेकी । यसपटकको साम्राज्यवादविरुद्ध ऐक्यबद्धता अन्तर्राष्ट्रिय सम्मेलन र सन्स डे राष्ट्रिय दिवसमा म तपाईंहरूका साथ हुनेछु । मध्यम कदकी, हिउँजस्ती गोरी, ब्वाइज कट कपाल काटेकी १८-२० वर्षकी जस्ती लाग्ने गोलो अनुहारकी किशोरीले छोटो परिचयसँगै हाम्रा असरल्ल सामान समालिँदिँदै हामीलाई कुरिरहेको गाडीतिर जान सङ्केत गरी ।

उसले अझै थपी, म पाक जिन हुई, मेरो नाम अलि लामो छ । तपाईंहरू आफूलाई सजिलो हुने गरी मिस पाक जिन वा मिस जिन मात्र पनि भन्न सक्नुहुन्छ । बरु मचाहिँ तपाईंलाई के नामले सम्बोधन गरुँ ? तपाईंलाई कुन नामले बोलाएको मन पर्छ ? ऊ अझै बोल्न खोज्दै थिई, मानौं प्योङ्याङ युनिभर्सिटीकी स्नातकोत्तर पाक जिन हुई नेपालका लेखक/पत्रकारसामु फरासिली भएर अझै पोखिन चाहन्छे र संसारका प्रतिक्रियावादीहरूले जनवादी गणतन्त्र कोरियाका नागरिक सङ्कुचित छन्, कयसमा छन् । खटाएर, डराएर वा नियन्त्रित भएर मात्र बोल्छन् भन्ने कुरालाई व्यवहारबाटै असफल बनाउन चाहन्छे । हामी ६ मध्ये अन्य चारजनाका झोलामा पुस्तक, ब्यानर, हाम्रो संस्था नेपाल-कोरिया लेखक/पत्रकार मञ्चका टिसर्ट, क्याप र मेरा केही निजी प्रयोगका सामान थिए ।

...उसले मेरो नाम उच्चारण गर्ने प्रयास गरी । अध्यागमनका सुरक्षाकर्मीले परीक्षणका लागि लगेका चित्र, पुस्तकहरू, क्यामेरा आदि सामान एकै ठाउँमा भेला पारेर सुटकेस गुडाउँदै एउटा आकर्षक उद्यानमा लिएर गई र भनी, तिम्रो समूहका सबैलाई बोलाऊ । हाम्रा पत्रकारहरूले सामूहिक तस्बिर खिच्नेछन् । त्यहीं परिचय गराउँला साथीहरूलाई...। मैले सबैलाई भेला पारेँ । सामूहिक तस्बिर खिचाइयो हामी ६ जनाको । माणिक र नेकपाका पोलिटब्युरो सदस्य क. रणवीरले एउटा समूह बनेर तस्बिर खिचाउनुभयो । कोरियाको दैनिक समाचारपत्रमा प्रायः सबै समूहको तस्बिर प्रकाशित भएको रहेछ । गत साल पनि यस्तै गरिएको थियो । हाम्रो तस्बिर कोरियाली भाषाको राष्ट्रिय पत्रिका र अङ्ग्रेजी भाषामा प्रकाशित समाचारपत्रमा पनि छापिएको थियो । सबैजना गाडीमा बसेपछि हाम्रो समूहका साथीहरूसँग भनी- म तपाईंहरूबीच ८ दिनसम्म सँगै हुनेछु । तपाईंहरूलाई केही समस्या/दुःख पर्‍यो वा जिज्ञासा भयो भने आफ्नो टोलीनेता मिस्टर अशोकसँग भन्नुहोला । हामी तपाईंहरूलाई कुनै दुःख हुन दिनेछैनौं किनकि कोरियामा समाजवाद छ । समाजवादले संसारका सबै श्रमजीवीहरूलाई वर्गीय माया दिन्छ, समान व्यवहार गर्छ र सुखदुःख साट्छ । जुछे विचारले निर्माण गरेको स्वतन्त्र, मुक्त, सार्वभौमसत्ता सम्पन्न, स्वाधीन, समाजवादी कोरिया सधैं वर्गमित्रहरूको न्यानो वर्गीय माया चाहन्छ र न्यानो मायाले बाँधिरहन चाहन्छ । कृपया तपाईंहरू आफैं आफ्ना मौलिक आँखाले कोरिया, कोरियाली जनता र यहाँको समाजवादको परख गर्नुहोला । यो फरासिली र हँसमुख युवतीले हामी सच्चा कम्युनिस्ट हौं भन्ने भेउ पाइसकेकी छे भन्ने लाग्यो मलाई । किनकि कोरियाका राष्ट्रनिर्माता किम इल सुङको जन्मदिन सूर्योदय दिवस (सन्स डे) का सन्दर्भमा जनवादी गणतन्त्र कोरिया पुगेका अरू कयौं देशका प्रतिनिधिहरूको शरीरको खानतलासी र झोला एवम् सामानको चिरफार अत्यन्त कडा ढङ्गले भइरहेको थियो । समाजवादले मानिसलाई कति उन्नत बनाउँछ भन्ने कुराको आभास ओ, जिन र अरू दोभासे तथा कोरियाली नेतृत्वको व्यवहारले देखाइरहेको थियो । सुटमा सजिएको ओ र खागी रङको ओभरकोटजस्तो लाग्ने ज्याकेट लगाएकी जिन दुवैको ध्यान मात्र हामीतिर थिएन, उनीहरू पूरै हाम्रा लागि, आयोजक सङ्गठन कासका पाहुनालाई आतिथ्य दिने कामका लागि र समाजवादभित्र हुने जनवादको उच्चतम अभ्यासका लागि समर्पित थिए । प्योङ्याङ अन्तर्राष्ट्रिय एयरपोर्टमा जाँच उत्तीर्ण भई आधा घण्टाभन्दा बढी कारमा यात्रा गरेर पाँचतारे होटल कोरियो पुगुन्जेल अघिल्तिर र पछिल्तिर सिटमा बस्नुभएका अखिल क्रान्तिकारीका अध्यक्ष तथा हाम्रो संस्थाका सल्लाहकार कमरेड पूर्णबहादुर सिंह, केस सरोज भण्डारी, पार्टी पीबीएम कमरेड रणवीर, हस्तबहादुर केसी, सुरेन्द्र केसीहरू कोरियाको विकास र प्रगति देखेर वाः, ओ हो ! भन्दै कोरियाविरुद्ध गरिएको साम्राज्यवादी दुष्प्रचारको खिल्ली उडाइरहनुभएको थियो । टोलीनेता म भएकाले होला सायद, जिन मसँगै बसेकी थिई । उसलाई यो मेरो दोस्रो कोरियायात्रा हो भन्ने थाहा भइसकेको थियो । 'कोरियाको दोस्रो यात्रा गर्दैछौ, कस्तो अनुभूति गरेर फर्केका थियौ पहिलोपटक ?' उसले गाडीमै प्रश्न तेर्स्याएकी थिई । म स्वतन्त्र, स्वाधीन, सार्वभौम र शक्तिशाली कोरिया र यस्तो सम्पन्न कोरिया बनाउने तिमी कोरियाली जनताप्रति गर्व गर्छु । अघिल्लोपटक जिज्ञासै जिज्ञासा लिएर आएको थिएँ र जिज्ञासाको आधा घैला भरेर थप भोक जगाएर फर्किएको थिएँ । मेरो बाँकी भोक मेटाउन र लाखौं नेपालीको भोक मेटाउने दिशामा लाग्न युवा, प्रौढ र अधबैंसे तीनै किसिमका प्रतिनिधिलाई ल्याएको छु, हेर न... मैले भनेको थिएँ । यसपटकको सन्स डे भ्रमणमा थप के गर्ने सोचेका छौ ? उसले सोधी, हामी कोरियासँग सम्बन्ध विस्तार गर्न र आत्मीयता बढाएर दीर्घकालसम्म लैजाने र जनस्तरसम्म पुर्‍याउने विचार छ, मैले भनेँ । उसले सोधेका कयौं प्रश्नको उत्तर दिँदै मैले कोरियाका लागि पुस्तक उपहार ल्याएको छु भन्दै लबीमै एउटा पुस्तक हेर्न दिएँ, कोरियाका बारेमा लेखेको मेरो पहिलो नियात्रा-डायरी-स्मरणसङ्ग्रह । उसले जिब्रो काढ्दै र पाना पल्टाउँदै बेलाबेलामा छड्के आँखाले मतिर हेर्दै गरी ...।

मिस जिन, तिमी यो तस्बिरमा देखिएको मान्छेलाई चिन्छ्यौ ? मैले पुस्तकभित्रको एउटा तस्बिर देखाउँदै सोधेँ । उसले मलाई खाउँलाझैं गर्दै हेरी र सुस्तरी भनी, किन र ? महान् विचारक र मार्क्सवादका प्रवर्तक कार्ल मार्क्सलाई नचिन्ने बुद्धु ठान्यौ कि क्या हो हामीलाई ? गम्भीर ढङ्गले प्रस्तुत भई ऊ । हैन, हैन, नरिसाऊ न मिस जिन, यो पुस्तकमा मैले कार्ल मार्क्सदेखि कोरियाली जनताका हान् नेता किम इल सुङसम्म र माओदेखि हाम्रो पार्टीको मुख्य नेतृत्व कमरेड विप्लवसम्मका नेताको विचारलाई जोडेको छु क्या ! मैले अवस्था सामान्य बनाउने प्रयास गर्दै भनेँ । जिनले पुस्तकको पहिलो पानाको तस्बिरतिर औंल्याउँदै सोधी, उहाँ को हो ? मैले उसलाई एकछिन पनि नरोकिई भनिदिएँ, उहाँ नेपाल कम्युनिस्ट पार्टीका महासचिव, हाम्रो नेता कमरेड विप्लव । युवा नेता हुनुहुन्छ र योद्धा तथा विचारक पनि । उहाँ पनि किम इल सुङजस्तै स्रष्टा पनि हुनुहुन्छ । उहाँले नेपाल, नेपाली जनता र क्रान्तिका विषयमा नयाँ, एकीकृत जनक्रान्तिको वैचारिक कार्यदिशाका साथै कयौं गीत र कविता पनि लेख्नुभएको छ । यस पुस्तकमा उहाँले शुभकामना भूमिका लेख्नुभएको छ ।

के सोच्नुभएको होला उहाँले हाम्रो देशप्रति ? उसले भनी । आफ्नै विशेषताको समाजवादसहित साम्राज्यवादविरुद्ध लडिरहेको स्वाधीन र शक्तिसम्पन्न मुलुक । मैले थपेँ, नेपाललाई पनि कोरियाजस्तै बनाउने उहाँको सपना छ । हामी उहाँलाई किम इल सुङजस्तै बनाउन चाहन्छौं । मैले बारम्बार किम इल सुङ मात्रै भनेको सुनिरहेकी जिनले भनी, ग्रेट लिटर कमरेड किम इल सुङ भन अशोक । उहाँले कोरिया र हामीलाई सामन्ती/साम्राज्यवादी पञ्जाबाट मुक्ति दिलाउनुभएको छ । उहाँ नेता मात्र होइन, विचारक पनि हो र योद्धा पनि... । मैले सोचेँ, 'कति गम्भीर कुरा गरी यसले ख्यालख्यालमै । मार्क्स-एङ्गेल्सले विचार दिनुभयो तर दुस्मनविरुद्ध हतियार बोकेर लड्न पाउनुभएन । लेनिन, स्टालिन, माओ, किम इल सुङ र चे ग्वेभाराहरूले त विचारका साथै लडाइँको नेतृत्व पनि गर्नुभयो र मोर्चाहरू पनि समाल्नुभयो । हाम्रोमा पुष्पकमल दाहाल 'प्रचण्ड' हरूले जनयुद्धको नेतृत्व गरे पनि योद्धा बनेनन्, मोर्चा समालेनन् । नजिकबाट खाराको एउटा लडाइँ हेरेका प्रचण्डलाई महानायक र योद्धा भनेर हामीले गल्ती गरेका रहेछौं । नेता, विचारक, योद्धा र महान् बन्न त युद्धको मोर्चा समाल्नुपर्ने, जितेर टिकाइराख्नुपर्ने रहेछ र देश र जनतालाई आँखाको नानीझैं माया गर्नुपर्ने रहेछ । तब न कोरियालीहरूले किम इल सुङलाई ग्रेट लिडर भन्ने हक राख्दा रहेछन् ।' 'यो पुस्तकको नाम के हो ?' जिनले सोधी । मैले- 'जनगणतन्त्र कोरिया यात्रा र हाइड्रोजन भूकम्प' भनेँ । उसले यसको अर्थ सोधी । मैले आफूले गरेको जनगणतन्त्र कोरियाको पहिलो यात्रा र कोरियाले सफल रूपमा परीक्षण गरेको हाइड्रोजन बमले साम्राज्यवादी क्याम्पहरूमा ल्याएको भूकम्पीय तरङ्ग... भनेपछि स्वभाविक रूपमा उसको अनुहारमा खुसी छायो । कोरियाली आफ्नो सफलताप्रति कति गर्व गर्छन् भन्ने कुराको ज्वलन्त उदाहरण थियो यो । मैले जापानी साम्राज्यवाद र अमेरिकी साम्राज्यवादका विरुद्ध निरन्तर लडिरहने अनि हाँसीहाँसी बलिदान गर्ने ती दसौं लाख कोरियाली योद्धाहरूलाई सम्झिएँ । किम इलसुङको पुस्तकबाट रात परिसकेको थियो । मिस जिनले पासपोर्ट मागिसकेकी थिई एयरपोर्टमै । उसले हामी बस्ने होटेलको ३२ औं तलाको ३ वटा फ्ल्याटमा हाम्रो कोठा परेको सुनाई र कोठा नम्बरबारे जानकारी दिनुका साथै कोठासम्म सामान पुर्‍याइदिनुपर्छ कि भनेर सोधी । मैले सामन त आफैं पनि लग्न सक्छौं तर मार्सल किम जोङ उनका लागि हामीले महासचिव कमरेड विप्लवको एकीकृत जनक्रान्ति पुस्तक, नेकपाको अन्तर्राष्ट्रिय विभाग प्रमुख एवम् स्थायी समिति सदस्य कमरेड धर्मेन्द्र बास्तोलाले ६ जनाको नामसहित कोरिया सरकारलाई लेख्नुभएको पत्र, मैले कोरियाका बारेमा लेखेको पुस्तक, मित्र आरके थापाले रातभर लगाएर कोरेको चित्र, नौलो बिहानीको अक्टोबर क्रान्ति शतवार्षिकी विशेषाङ्कलगायत सामग्री उपहार पुर्‍याइदिन आग्रह गरेँ ।

प्रकाशोन्मुख 'शक्तिशाली समाजवाद : जनगणतन्त्र कोरियाको दोस्रो यात्रा' बाट

# पोखरा सस्तो बजारमा ३७ करोड लुटपाट

■ आस्था शाही रुचाल/पोखरा


तस्विर : विजय अधिकारी

पृथ्वीचोकस्थित सस्तो बजारमा शुक्रबार अपरान्ह प्रहरी र वायुसेवा निगमका कर्मचारीहरुले हस्तक्षेप गरी ३७ करोड भन्दा बढी धनमाल लुटपाट गरेको पीडितले आरोप लगाएका छन् । शुक्रबार साँझ सस्तो बजार व्यवस्थापन समितिका केशव भुजेल र संयुक्त संघर्ष समितिका संयोजक शुशिला थापाद्वारा संयुक्त रुपमा जारी विज्ञप्तिमा सो आरोप लगाइएको हो । विज्ञप्तिको पूर्णपाठ यसप्रकार छ - वायुसेवा निगमले जबरजस्ती ताला खोली व्यवसायीहरुको सामान कब्जामा लिन थालेपछि आज पोखरा सस्तो बजार रणभूमीमा परिणत भएको छ । वैदाम इलाका प्रहरी चौकी इन्चार्ज वसन्त शर्माको नेतृत्वमा आएको प्रहरी शक्तिले शान्तिपूर्ण प्रदर्शन गरिरहेका सस्तो बजारका व्यवसायीमाथी एक्कासी लाठी प्रहार गरेको छ । प्रहरीको आक्रमणबाट लक्ष्मी मण्डल, विष्णु तिमल्सिना, चन्दु सहनी, गुल्सन खातुनलगायत ११ जना व्यवसायी घाइते हुनु भएको छ । जसमध्ये लक्ष्मी मण्डलको टाउकोमा गम्भीर चोट लागेको छ । यसैगरी प्रहरीबाट व्यवसायीहरु देवी देवकोटा, सरिता खनाल, शर्मिला अधिकारी, मोतीकला सुवेदी, मिना ढकाल र नेकपाका जिल्ला सेक्रेटरी जगन तिवारी गिरफ्तार हुनुभएको छ । हामी घाइते साथीहरुको स्वास्थ्य लाभको कामना गर्दछौं र गिरफ्तार सबैको ससम्मान रिहाइको माग गर्दछौं । राज्यको यस्तो कदमको हामी घोर निन्दा गर्दछौं । कसैको रोहबर नै नगरी वायु सेवा निगमका कर्मचारीहरु जबरजस्त बजारभित्र पसेर २१७ जनाको ३७ करोड सम्पत्ति तोडफोड, चोरी र हिनामिना गरेका छन् । सो लुटपाट र हस्तक्षेपको न्यायिक छानविन गरी क्षतिपूर्ति दिन सरकारसँग माग गर्दछौं । अझै पनि पोखरा सस्तो बजारको समस्या वार्ता र संवादमार्फत हल हुन्छ भन्ने कुरामा हामी आशावादी छौं । त्यसका लागि पहल गरिदिन सबै सरोकारवाला पक्षसँग अपिल गर्दछौं





नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
**सस्पेन्सन ब्रृज डिभिजन**
पुल्चोक, ललितपुर



झोलुङ्गे पुलको उचित उपयोग गरौं ।
झोलुङ्गे पुल राष्ट्रिय सम्पति हुन, दिलै देखि संरक्षण गरौं ।
नियमित मर्मत सम्भार आफुले पनि गरौं र पुल हेरालुलाई पनि गर्न लगाऔं ।


निर्देशक : **अनिल शर्मा**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, प्रवन्ध सम्पादक : **चिन्तामणि घिमिरे**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, ´ail: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ